# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १९६ | काठमाडौं | आइतबार, ३० कात्तिक २०८२ | Prabhab National Daily | Sunday, 16 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




भोजपुर नगरपालिका–५ बोखिममा किसान थन्क्याउनका लागि खलोमा संकलन गरिएको धानको भुस उडाउँदै । *तस्विरः रासस*

# भूउपयोग बढाउन भूमि बैंक प्रभावकारी हुनेमा आशंका

■ **जेबी योञ्जन**

**काठमाडौं–** भूमिको प्रभावकारी उपयोग गर्दै स्थानीय अर्थतन्त्रमा नयाँ ऊर्जा थप्न बजेटमार्फत अघि सारेको भूमि बैंक स्थापना गर्ने नीतिलाई सरकारले अघि बढाएको छ । स्थानीय तह मातहत सञ्चालन हुने भूमि बैंकलाई सरकारले हालै भूउपयोग (तेस्रो संशोधन) नियमावली २०८२ मा समावेश गरेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहायक प्रवक्ता दामोदर वाग्लेका अनुसार भूमि बैंक स्थापना भएर कार्यान्वयनमा आएपछि भूउपयोग बढ्ने छ । यसबाट जग्गाधनी, उपयोगकर्ता र राज्यलाई फाइदा हुने उनको भनाइ छ ।

'जग्गा बाँझिने क्रम हरेक वर्ष बढ्दो क्रममा छ, त्यसो हुँदा अब जग्गा उपभोग गर्न नसकिरहेका व्यक्तिहरूले सम्बन्धित पालिकामा स्थापना गरिने भूमि बैंकमा त्यो जग्गा राख्न पाउँछन् । उपभोग गर्न चाहनेले बैंकबाटै लिन सक्छन्,' प्रवक्ता वाग्लेले भूमि बैंकबारे प्रभावसँग भने ।

अव्यवस्थित, बाँझो वा किसानले नियमितरूपमा उपयोग गर्न नसकेको जग्गालाई भूमि बैंकमा दर्ता गराएर कृषि, पशुपालन, सहकारी खेती र अन्य उत्पादनमूलक योजनामा लगानीका लागि उपलब्ध गराउने सरकारको नीति छ । त्यसो गर्दा जमिनको उपयोग




- १०० स्थानीय तहमा भूमि बैंक स्थापना गर्ने तयारी
- भूमिको प्रभावकारी उपयोग गर्ने लक्ष्य
- ख्जग्गाधीन, भूमिउपयोगकर्ता र राज्यलाई फाइदा हुने दाबी

दर बढ्ने, ग्रामीण बेरोजगारी घट्ने र स्थानीय खाद्यसुरक्षामा सुधार आउने सरकारको अपेक्षा छ ।

हाल धेरै स्थानीय तहले भूमि बैंकको प्रारम्भिक संरचना बनाइरहेका छन् । कतिपय ठाउँमा बाँझो जग्गा सामूहिक तरकारी खेतीमा प्रयोग भइरहेको छ । किसानका नाममा जग्गा रहे पनि व्यवस्थापन गर्न कठिन हुने अवस्थालाई समाधान गर्ने एउटा वैकल्पिक मोडेलको रूपमा भूमि बैंक हुन सक्ने सरकारले जनाएको छ ।

तर, भूउपयोगसम्बन्धी अध्येता डा. जगत बस्नेत भूमि बैंक प्रभावकारी हुनेमा शंका गर्छन् । उनको विचारमा भूमि उपयोगको अवधि ३०-४० वर्ष भएमात्रै उपयोगकर्ता, जग्गाधनी र राज्यलाई लाभ हुन्छ । नभए चार-पाँच वर्ष अवधि राखिए उपयोगकर्तालाई आकर्षण गर्न सक्दैन ।

'भूउपयोगकर्ताले यदि ३०-४० वर्षकै लागि जग्गा भाडामा पाउने हो भने ठूला लगानीकर्ता आकर्षित हुन सक्छन् । चार-पाँच वर्ष अवधि राखिए उपभोगकर्तालाई प्रतिफल प्राप्ति हुँदैन र त्यस्तो अवस्थामा भूमि बैंकको प्रभावकारिता हुँदैन,' उनले भने ।

जग्गा भाडामा उपभोग गर्नेले सिँचाइसँगै बाटोघाटोको व्यवस्था गर्दा जग्गाको मूल्य बढे जग्गाधनीले फिर्ता लिन सक्ने सम्भावना उनी देख्छन् । त्यस्तो सम्भावनाले पनि लगानीकर्ता आकर्षित हुनेमा शंका उत्पन्न भएको छ ।

सरकारले २०७७/७८ मै भूमि बैंक स्थापना गर्ने लक्ष्य राखेको थियो । त्यसबेला सरकारको घोषणा थियो, 'मुलुकभरि बाँझो र उपयोगविहीन व्यक्तिगत जग्गा उपयोगमा ल्याउन भूमि बैंक स्थापना गर्ने ।' घोषणाको चार वर्षपछि सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा त्यसलाई समावेश गरेको छ ।

क्रमशः पृष्ठ २ मा

भाडा कति लिने र कति समयका लागि लिन पाइने, बैंकमा राख्ने र त्यहाँबाट कसरी लिने भन्ने विषय कार्यविधिमा उल्लेख हुन्छ ।

■ **दामोदर वाग्ले**
सहायक प्रवक्ता, भूमि व्यवस्था मन्त्रालय

भूमि उपयोगको अवधि ३०-४० वर्ष भएमात्रै उपयोगकर्ता, जग्गाधनी र राज्यलाई लाभ हुन्छ । नभए चार-पाँच वर्ष अवधि राखिए उपयोगकर्तालाई आकर्षण गर्न सक्दैन ।

■ **डा. जगत बस्नेत**
भूउपयोग अध्येता

## डिजेल र पेट्रोलको मूल्य बढ्यो

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले डिजेल/मट्टितेल र पेट्रोलको मूल्य बढाएको छ । निगम सञ्चालक समितिको शनिबारको बैठकले शनिबार मध्यरातिदेखि लागू हुनेगरी डिजेल र मट्टितेलको साविकको बिक्री मूल्यमा मूल्य प्रतिलिटर तीन रूपैयाँ र पेट्रोलमा प्रतिलिटर दुई रूपैयाँ बढाउने निर्णय गरेको हो ।

मूल्य समायोजनसँगै डिजेल/मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर १४४ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १४६ रूपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १४७ रूपैयाँ कायम भएको छ । निगमले पेट्रोलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर १५८ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १६० रूपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १६१ रूपैयाँ तोकेको छ ।

क्रमशः पृष्ठ २ मा

## दल विभाजन र एकताको लहर सँगसँगै

**काठमाडौं (प्रस)–** जेन-जी आन्दोलनपछिको राजनीति परिस्थिति र आमनिर्वाचन घोषणा भएसँगै पछिल्लो समय मुलुकका राजनीतिक दलभित्र विभाजन र एकताको लहर चलेको छ । विभाजन र एकताका शृंखला पुराना राजनीतिक दलमा नभई पछिल्लो समय वैकल्पिक शक्तिका रूपमा उदाएका दलहरूमा दोहोरिएको छ ।

त्यतिमात्रै होइन, भ्रष्टाचार र बेथिति अन्त्यलगायत मुद्दा सारेर आन्दोलनमा होमिएका जेन-जीका प्रतिनिधिबीच पनि कतिपय विषयमा मतैक्यता छैन । विशेषगरी शासकीय स्वरूप, संविधान संशोधन, निर्वाचन प्रणालीलगायत विषयमा उनीहरूबीच पनि फरक मत छ । खासगरी दलहरूबीचमा वैचारिक दृष्टिकोणभन्दा पनि तत्कालको परिस्थितिबाट फाइदा लिने अभिप्रायका साथ विभाजन र एकताका घटनाक्रम देखिएको विश्लेषकको भनाइ छ । पछिल्लो समय नेकपा माओवादी केन्द्र,...

क्रमशः पृष्ठ २ मा

निर्वाचन घोषणा भएको हुनाले परिणाम आफ्नो पक्षमा पार्न दलहरु जुट्ने र विभाजन हुने यो निर्वाचन लक्षित कार्यक्रममात्रै हो । यो असैद्धान्तिक छ, सिद्धान्त, विचार र दृष्टिकोणमा एकता देखिन्न ।

■ **रामनारायण बिडारी**
वरिष्ठ अधिवक्ता

**सन्दर्भः वैदेशिक रोजगार**

# युरोपको मागपत्र प्रमाणीकरण बन्द हुँदा बिचौलियाको राज, व्यक्तिगत ठगी बढ्यो

■ **ममता थापा**

**काठमाडौं–** केही दिनअघि वैदेशिक रोजगार विभागको मुद्दा तथा अनुसन्धान शाखामा मुद्दा दर्ताका लागि कागजात हातमा बोकेर उभिइरहेकी थिइन्, प्रतीक्षा (परिवर्तित नाम) । रोजगारीका लागि बेलायत पठाइदिने भनेपछि काठमाडौंको चाबहिल चुच्चेपाटीमा रहेको एक कन्सल्टेन्सीमा २८ लाख रूपैयाँ बुझाइन् ।

तर, कन्सल्टेन्सीले पैसा लिएपछि न युरोप पठायो न पैसा फिर्ता गर्‍यो । यसरी ठगिएपछि उनी विभागमा कन्सल्टेन्सीविरुद्ध उजुरी लिएर पुगेकी हुन् । यद्यपि, उक्त कन्सल्टेन्सी सञ्चालनमै रहेकाले मुद्दा हालेको थाहा पाए भाग्ने भन्दै उनले थप विवरण दिन मानिनन् । प्रतीक्षाकै साथीसँग पनि उक्त संस्थाले डिपेण्डेण्टमा रोजगारीसमेत लगाइदिने भनी प्रलोभन देखाएर ५९ लाख रूपैयाँ लिएको उनले बताइन् ।

युरोप रोजगारीका नाममा भइरहेको ठगीको यो उदाहरणमात्र हो । विभागमा यस्ता ठगीका उजुरी दिनेहरूको दिनहुँ भीड लाग्छ । चालु आर्थिक वर्षको तीन महिनामा एक हजार ३८० वटा व्यक्तिगत ठगीका घटना विभागमा दर्ता भएका छन् । अघिल्लो वर्षको अन्त्यबाट ह्वात्तै बढ्न थालेको व्यक्तिगत ठगी, नियन्त्रणमा आउन सकेको छैन ।

आकर्षक तलब सुविधाको प्रलोभनमा युवाहरू ठगिने क्रम जारी छ । सरकारले बेलाबेलामा सूचना निकालेर प्रलोभनमा नपर्न भन्दै आए पनि त्यो निष्प्रभावी देखिएको छ ।

ठगीमा परेकाहरूबाट जानकारी लिँदा कन्सल्टेन्सी, ट्राभल एजेन्सी, विभिन्न मुलुकमा रहेका एजेन्ट तथा चिनजानकै व्यक्ति संलग्न रहेको पाइन्छ । विशेषरी सामाजिक सञ्जालमा गरिने विज्ञापनबाट उनीहरू फस्ने गरेका पाइएको छ ।

युरोपेली मुलुकहरू रोजगारीको आकर्षक गन्तव्य भए पनि त्यहाँको रोजगारीको माग आधिकारिक संस्थालाई नआउँदा बिचौलिया हाबी भएको जानकारहरू बताउँछन् । विभागको तथ्यांक हेर्दा व्यक्तिगत श्रम स्वीकृति लिएर युरोप जानेहरू बढी छन् । करिब २६-२७ महिनायता युरोपको मागपत्र प्रमाणीकरण बन्द हुँदा यस्ता समस्या बढेको वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ ।

युवाहरू युरोप जाने मनस्थितिमा रहेको अवस्थामा सरकारले आधिकारिक प्रक्रिया नखुलाउँदा यस्तो समस्या निम्तिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले बताए ।

क्रमशः पृष्ठ २ मा




पर्याप्त माग आए पनि प्रमाणीकरण नगरेर सरकारले बिचौलियालाई प्रोत्साहन गरेको देखिन्छ । मागपत्र प्रमाणीकरण गर्ने धेरै वैज्ञानिक तरिकाहरु आए होलान्, समयअनुसार परिवर्तन हुनुपर्ने पनि होला । तर राज्यले चासो देखाएको छैन ।

■ **महेशकुमार बस्नेत**
महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ



यो दूतावास, श्रम मन्त्रालय, परराष्ट्र मन्त्रालय र व्यवसायीहरूको समन्वयबाट समाधान गरिने विषय हो । परराष्ट्र अथवा कुनै संस्थाले गरेर ढिला भएको या बन्द भएको होइन । यसलाई नेपालीहरु नठगिनेगरी सहज तरिकाबाट कसरी गर्न सकिन्छ भन्नेबारेमा समन्वय र गृहकार्य चलिरहेको छ ।

■ **लोकबहादुर पौडेल क्षेत्री**
प्रवक्ता, परराष्ट्र मन्त्रालय



## समन्वय जारी छः परराष्ट्र

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयले आफूहरूले यस विषयलाई गम्भीरताका साथ लिएको र समन्वयमै रहेको जनाएका छन् । यसका लागि विभिन्न पक्षसँग छलफल आवश्यक रहेको र कुनै एउटा पक्षका कारणले ढिला नभएको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए ।

'यो दूतावास, श्रम मन्त्रालय, परराष्ट्र मन्त्रालय र व्यवसायीहरूको समन्वयबाट समाधान गरिने विषय हो । परराष्ट्र अथवा कुनै संस्थाले गरेर ढिला भएको या बन्द भएको होइन,' पौडेलले भने, 'यसलाई नेपालीहरू नठगिनेगरी सहज तरिकाबाट कसरी गर्न सकिन्छ भन्नेबारेमा समन्वय र गृहकार्य चलिरहेको छ ।'

त्यस्तै, श्रम आप्रवासनलाई युरोपतिर केन्द्रित गर्ने भनेर अगाडि बढिरहेको अवस्थामा मागपत्र प्रमाणीकरणलगायतका विषयमा पहल गर्न सम्बन्धित पक्षलाई...

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### भूउपयोग...

त्यहाँ भनियो, 'भूमि बैंकमा अभिलिखित जग्गा व्यावसायिक कृषिका लागि पालिकासँग करार सम्झौता गरी प्राप्त गर्न सक्ने व्यवस्था मिलाइने ।'

तर, त्यसका लागि भूउपयोग नियमावलीमा संशोधन गर्नुपर्ने थियो जुन संशोधन भएर बिहीबार राजपत्रमा प्रकाशित भयो । यससँगै भूमि बैंक स्थापना गर्दै भूउपयोग बढाउने र स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउने सरकारको लक्ष्य अब कार्यान्वयनउन्मुख भएको छ ।

यद्यपि, भूमि बैंक सञ्चालनमा चुनौतीहरू पनि कम छैनन् । भूउपयोग अध्येता बस्नेतका अनुसार जग्गाको मूल्यांकन, उपयोगकर्ता (किसान) छनोट, दीर्घकालीन लगानी सुरक्षाको आशंका, स्थानीय तहबीचको समन्वयजस्ता मुद्दाले भूमि बैंक कार्यान्वयनमा बाधा पुऱ्याउन सक्छन् । किसानले जग्गा दीर्घकालीनरूपमा प्रयोग गर्न चाहने तर जग्गाधनीले छोटो अवधिमामात्र भाडामा दिन चाहने प्रवृत्तिलाई बस्नेत चुनौतीका रूपमा लिन्छन् ।

भूमि मन्त्रालयका सहायक प्रवक्ता वाग्लेले अब भूउपयोग कार्यविधिमार्फत भाडामा जग्गा लेनदेन गर्ने प्रक्रिया, भाडादरलगायत कयौं विषय समेटिएर आउने बताए । 'भाडा कति लिने र कति समयका लागि लिन पाइने, बैंकमा राख्ने र त्यहाँबाट कसरी लिने भन्ने विषय कार्यविधिमा उल्लेख हुन्छ,' वाग्ले भन्छन् ।

सरकारले यस वर्ष १०० स्थानीय तहमा भूमि बैंक स्थापना गर्ने घोषणा गरेको छ । देशभरका ७५३ मध्ये कुन-कुन स्थानीय तहमा स्थापना गर्ने भन्ने पनि टुंगो लागेको छैन ।

■■■

### डिजेल...

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपो पहिलो वर्ग, सुर्खेत र दाङ दोस्रो तथा काठमाडौं, पोखरा र दिपायलस्थित डिपोलाई तेस्रो वर्गमा वर्गीकरण गरेको छ । इण्डियन आयल कर्पोरेसनबाट शनिबार प्राप्त नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा दुई रूपैयाँ ५४ पैसा र डिजेलमा छ रूपैयाँ ५३ पैसाले बढेर आएकाले मूल्य समायोजन गरिएको निगमले जानकारी दिएको छ ।

■■■

### दल विभाजन...

नेकपा एकीकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति र जनमत पार्टीबाट केही नेताहरू अलग्गिएर पार्टी तथा नयाँ राजनीतिक शक्ति निर्माणमा जुटेका छन् । माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टीलगायत विभिन्न १० राजनीतिक दल र राष्ट्रिय राजनीतिमा चर्चामा रहेका केही नेता मिलेर नेपाली कम्युनिस्ट पार्टी गठन भइसकेको छ । विभाजन र एकताको शृंखलामा विगतमाझैं यसपटक पनि वामपन्थी विचारधाराका दलहरू नै अग्रस्थानमा छन् ।

वरिष्ठ अधिवक्ता रामनारायण बिडारी यस परिघटनालाई निर्वाचन लक्षित कार्यक्रमका रूपमा हेर्छन् । 'निर्वाचन घोषणा भएको हुनाले परिणाम आफ्नो पक्षमा पार्न दलहरू जुट्ने र विभाजन हुने यो निर्वाचन लक्षित कार्यक्रममात्रै हो । यो असैद्धान्तिक छ, सिद्धान्त, विचार र दृष्टिकोणमा एकता देखिन्न,' उनले भने । यसलाई सबै दलमा बढिरहेको असन्तुष्टि तथा जेन-जी आन्दोलनपछि नेताहरूमा देखिएको विचलित र त्रसित मानसिकताको उपजका रूपमा हेरिनुपर्ने उनको मत छ ।

पछिल्लो समय राजनीतिक दल पुनः गठन गर्ने भन्दै आफ्नो दल त्यागेका नेताहरू फेरि नयाँ दल सिर्जना गर्ने अभियानमा विभिन्न कोणबाट छलफलमा जुटेका देखिन्छन् । सो क्रममा माओवादीबाट अलग्गिएर प्रगतिशील राष्ट्रिय अभियान सञ्चालन गरेका नेता सुदन किराँती, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का संयोजक दुर्गा सोब र रास्वपा छाडेका नेता सन्तोष परियारबीच आगामी मंसिर पहिलो साता पार्टी एकता घोषणा गर्ने सहमति भइसकेको छ । साथै जेन-जीका अगुवामध्येका एक मिराज ढुंगानाले पनि पार्टी गठन गर्ने भन्दै पत्रकार सम्मेलन नै आयोजना गरिसकेका छन् । यद्यपि, उनले निर्वाचन आफूहरूको माग र प्राथमिकता नभएको उल्लेख गर्दै विकास र सुशासन पहिलो सर्त भएको बताउँछन् ।

अधिकारकर्मी डा. राधा पौडेललाई भने राजनीतिक दलमा देखिएको फुट र जुट 'रमिता' जस्तो लागेको छ । 'जेन-जी विद्रोह र भोलिपल्टको घटनाभित्र लुकेका अन्तरनिहित कारण र आयामलाई जोड्नुपर्नेमा यसमा राजनीतिक दल चुके,' उनी भन्छिन्, 'त्यो कार्यभारप्रति ध्यान नदिएर दलमा एकता र विभाजन देखिएको छ । यसले हामीलाई कहीँ पनि पुऱ्याउँदैन ।'

दलहरूमा आन्तरिक लोकतन्त्र कमजोर भएको र उनीहरूले आशा दिलाउन नसक्दा आफैंमा टुटफुटको अवस्थामा पुगेको उनको भनाइ छ । मुलुकमा देखिएको बेथितिको कारणबारे एकरूपता नदेखिँदा 'बिरामी एउटा छ, उपचार अर्को' जस्तो भइरहेको अधिकारकर्मी पौडेलको टिप्पणी छ ।

■■■

### युरोपको मागपत्र...

मागपत्र प्रमाणीकरण नगरिदिएर राज्यले बिचौलियालाई प्रोत्साहन गरेको उनको आरोप छ । 'पर्याप्त मागहरू आए पनि प्रमाणीकरण नगरेर सरकारले बिचौलियालाई प्रोत्साहन गरेको देखिन्छ,' बस्नेतले भने, 'मागपत्र प्रमाणीकरण गर्ने धेरै वैज्ञानिक तरिकाहरू आए होलान्, समयअनुसार परिवर्तन हुनुपर्ने पनि होला । तर राज्यले चासो देखाएको छैन ।'

दूतावासमा स्रोत साधन अभाव भए त्यसको व्यवस्थापन गर्नुपर्ने उनको तर्क छ । 'लाखौं लाख नेपाली युवाहरू त्यहाँ गएको अवस्थामा जनशक्ति नभए पठाउनुपऱ्यो नि ! राज्यले यदि युरोप खोल्न चाहन्छ भने धेरै विकल्प निकाल्न सकिन्छ,' उनले भने, 'बन्द गर्न चाहेको भए बन्द गरे भयो । बिचौलियालाई चलखेल गर्ने बाटो किन बनाउनुपऱ्यो ?'

संघले सदस्य देवीप्रसाद गिरीलाई संयोजक तोकेर समस्याको थप अध्ययन थालेको महासचिव बस्नेतले जानकारी दिए । युरोपका विकासोन्मुख मुलुकमा कामदारको माग बढी रहेको बताइन्छ । मागपत्र प्रमाणीकरण भएको अवस्थामा विशेषगरी बुल्गेरिया, ग्रीस, क्रोएसिया, सर्बिया, रोमानियालगायतका मुलुकबाट श्रमिकको माग धेरै आउने व्यवसायीहरूको भनाइ छ । यी मुलुकका नागरिकहरू विकसित मुलुकमा जाने भएकाले त्यहाँ श्रमिकको अभाव हुने गरेको बताइन्छ । कृषि, हस्पिटालिटी, निर्माण, टेक्स्टाइल्स, ट्रान्सपोर्ट आदिमा राम्रो माग रहेको उनीहरूको दाबी छ । तत्कालीन परराष्ट्रमन्त्रीको पालामा मौखिकरूपमा बन्द भएको विषयले हालसम्म व्यवसायीले दुःख पाएको भन्दै व्यवसायीहरू चिन्तित देखिएका छन् ।

■■■

### समन्वय जारी...

भनिरहेको श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए । 'मागपत्रहरू किन प्रमाणीकरण भएनन्, त्यहाँका दूतावास र नियोगहरूमा पहल गर्नुपऱ्यो भनेर परराष्ट्रलाई भनेका छौं,' घिमिरेले भने, 'बढ्दो ठगी नियन्त्रण गर्न मागपत्र प्रमाणीकरण गर्ने, सम्झौता पनि गर्ने, संस्थागतरूपमा पठाउने भन्ने पहल भइरहेको छ । रिजल्ट चाँडै आउला ।'


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०७/३० गते**

यस कम्पनीको मिति २०८२/०७/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कर्मकाण्ड एप प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०६/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कर्मकाण्ड इन्टरप्राइजेज प्रा.लि.(प्रा.लि.नं. ३६२४४८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



## तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८२/०७/३०

आदरणिय सेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ ट्रेडिङ लि.** को मिति २०८२ कार्तिक २७ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार तेश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ मंसिर २२ गते, (तदनुसार डिसेम्बर ०८, २०२५ )
**समय :** दिनको १:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाडौं ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. अध्यक्ष र संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरुः**
१. कम्पनीको प्रबन्धपत्र र नियमावलिका प्रस्तावित बुँदाहरुमा संसोधन गर्ने तथा संसोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भएमा थपघट, परिमार्जन, संसोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**आज्ञाले,**
तुलसीराम ढकाल
अध्यक्ष

**मुक्तिनाथ ट्रेडिङ लि.**
**MUKTINATH TRADING LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"


# उखुको मूल्य तोक्ने तयारी

**काठमाडौं (प्रस)**– सरकारले यस वर्षका लागि उखुको खरिद मूल्य तोक्ने तयारी गरेको छ । मूल्य निर्धारणका लागि सुनसरी, मोरङ, रोतहटलगायत आठ जिल्लामा स्थलगत अध्ययनका लागि सर्वेक्षण सुरु गरिएको जनाइएको छ ।

उखु उत्पादनको लागत तथा प्रतिहेक्टर जमिनको उत्पादन लागत, वास्तविक खर्चको विवरण संकलन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले टोली त्यसतर्फ पठाइएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए । उक्त टोलीले संकलन गरेको सूचनाका आधारमा किसानको प्रतिक्विन्टल उखु उत्पादन कार्यमा लागेको लागत, उत्पादन लागतमा नाफासमेत जोडेर मिलसम्म पुऱ्याउँदा लाग्ने ढुवानी खर्चको औसत मूल्य जोडेर खरिद मूल्य निर्धारण हुन्छ । हरेक वस्तुको मूल्य उत्पादन लागतका आधारमा गर्ने गरिन्छ । सरकारले उखुको खरिद मूल्य तोकेपछि मात्र उखु मिलले सोही मूल्यमा उखु खरिद गर्ने गर्दछन् ।

स्थानीय तहको समन्वयमा सर्वेक्षण सम्पन्न भएपछि कृषि विभागले मूल्य निर्धारण गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा सिफारिस गर्ने, सोही सिफारिसलाई उद्योग मन्त्रालयमा पठाइने र अर्थ मन्त्रालयको सहमतिमा मूल्य तोकिने मन्त्रालयका सूचना अधिकारी जोशीले बताए ।

किसानको उत्पादनका आधारमा सरकारले अनुदानबापत किसानको खातामा सीधै पैसा पठाउने व्यवस्था छ । सरकारले गत वर्ष अनुदानबापत प्रतिक्विन्टल ३५ रूपैयाँका दरले सम्बन्धित किसानलाई सहयोग उपलब्ध गराएको थियो । गत वर्ष दुई करोड १६ लाख क्विन्टल उखु उत्पादन भएको थियो । देशभर हाल करिब ३० लाख हेक्टरमा उखुखेती भइरहेको र करिब ६५ हजार किसान आबद्ध रहेका मन्त्रालयले जनाएको छ ।

अनुदान प्रवाहमा बिचौलियाको प्रभाव नियन्त्रण गरी वास्तविक कृषकलाई नै अनुदान रकम प्रदान गर्न स्थानीय तहमा उखु कृषक दर्ता गरी सोको आधारमा अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ ।

# बागमती करिडोर क्षेत्रको ढल व्यवस्थापन र सडक स्तरोन्नतिको समाधान गर्ने प्रतिबद्धता

काठमाडौं (प्रस)- सहरी विकासमन्त्री कुलमान घिसिङले बागमती नदी करिडोरमा देखिएको ढल व्यवस्थापन र सडक स्तरोन्नतिको समस्या तत्काल समाधान गरिने बताएका छन् । शनिबार काठमाडौंको पूर्वीक्षेत्रस्थित बागमती नदी करिडोर क्षेत्रको फोहरमैला व्यवस्थापन र सडक मर्मतबारे निरीक्षणका क्रममा मन्त्री घिसिङले सो कुरा बताएका हुन् ।

उनले काठमाडौं उपत्यकाका नदी करिडोर क्षेत्रमा सडक विभाग, काठमाडौं उपत्यकाका विकास प्राधिरकरण र अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबीच सडक निर्माण तथा मर्मतसम्भारमा देखिएको समन्वयको समस्यालाई छिट्टै समाधान गरिने प्रतिबद्धता जनाए ।

'काठमाडौं उपत्यकाका नदीलाई सफा बनाए मात्र सहर सफा हुन्छ । त्यसैले दीर्घकालीन रूपमा ढल व्यवस्थापन योजनासहित काम गरिरहेका छौं,' मन्त्री घिसिङले भने, 'ढल व्यवस्थापनका लागि प्रशोधन केन्द्रको स्थापना चरणबद्ध रूपमा गरिरहेका छौं, नदी करिडोरका सडकलाई कालोपत्र, मर्मतसम्भार गर्नेलगायत कामलाई उच्च प्राथमिकता राखेर अगाडि बढाइएको छ ।' चावहिल–सुन्दरीजल सडक बिस्तारका लागि बाँकी पुलको निर्माण तत्काल अगाडि बढाउन उनले आग्रह गरे ।

मन्त्री घिसिङको नेतृत्वमा सहरी विकास मन्त्रालयका सचिव गोपाल सिग्देल, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सचिव केशव शर्मा, गोकर्णेश्वर नगरपालिका प्रमुख दीपक रिसाललगायतले गुहचेश्वरीदेखि सुन्दरीजल क्षेत्रसम्मको नदी करिडोर र सडक स्तरोन्नतिबारे जानकारी लिए ।

# आगलागीका घटना बढ्दो

**काठमाडौ (प्रस)**– सुक्खायाम सुरु भएसँगै देशव्यापीरूपमा आगलागीका घटना बढेको पाइएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यही कात्तिक २७ गते बिहानदेखि २८ गते बिहान १० बजेसम्ममात्रै देशभर सात स्थानमा आगलागीको घटना भएको छ ।

प्राधिकरणका अनुसार, मोरङ, सुनसरी, उदयपुर, भक्तपुर, रोल्पा, सुर्खेत, कैलालीमा आगलागीका कारण ठूलो मात्रामा भौतिक सम्पत्तिको क्षति भएको छ । प्राधिकरणको विवरणअनुसार कात्तिक २७ गते देशभर, १६ स्थानमा आगलागीका घटना भएका छन् । त्यसदिन बारा र रूपन्देहीका दुई स्थानमा आगलागीको घटना भएको थियो । त्यस्तै, पाँचथर, झापा, मोरङ, उदयपुर, धनुषा, रौतहट, भक्तपुर, रसुवा, कास्की, स्याङ्जा, बागलुङ र हुम्लामा भएको आगलागीका कारण भौतिक सम्पत्ति जलेर नष्ट भएको छ ।

प्राधिकरणका अनुसार कात्तिक २६ गते देशभर ११ स्थानमा आगलागीका घटना भए । कात्तिक २५ गते आठ स्थानमा, कात्तिक २४ गते देशभर नौ स्थानमा आगलागीका घटना भएका थिए । जनचेतना र असावधानीका कारण आगलागीका घटना भएको भन्दै प्राधिकरणले सबैलाई सचेत गराएको छ ।

यस्तै, शुक्रबारमात्रै ताप्लेजुङमा लेक लागेर तीन जना बिरामी परेका छन् । कञ्चनजंघा आधार शिविर जानेक्रममा स्थानीय खामाचेन भन्ने स्थानमा दुई जापानी नागरिक लेक लागेर बिरामी परेका छन् ।


## Shailung Rural Municipality

**Office of the Rural Municipal Executive**
**Katakuti, Dolakha**
**Bagamati Province, Nepal**

## Invitatiofor Bid

**Date of Publication: 2082/07/30 (16th November 2025)**

Shailung Rural Municipality ,Katakuti,Dolakha office invites only electronic bids from all Nepalese eligible bidders for the mention in the table below on or before 2082/09/02 (17th December 2025) 12:00 hours. Eligible bidders may obtain further information at Shailung Rural Municipality,Katakuti, Dolakha or may visit PPMO website: www.bolpatra.gov.np/egp.

| S. N. | Name of Project | Contract ID | Estimated Amount (with VAT & PS) | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1. | Sharada Mabi Bhautik Byabasthapan | SRM/NCB/W/ 13/2082/083 | 9,75,055.24 | 27,000.00 | 3000.00 |
| 2. | Bhir Kharka Dhade Sichai Yojana | SRM/NCB/W/ 14/2082/083 | 24,34,947.28 | 65,000.00 | 3000.00 |
| 3. | Baghkhor Porsab 2 no Wada Karyalaya Sadak | SRM/NCB/W/ 15/2082/083 | 1,85,10,112.57 | 5,50,000.00 | 3000.00 |
| 4. | Juge Dudhpokhari Kallabari Dase Khola Sadak | SRM/NCB/W/ 16/2082/083 | 1,85,10,156.53 | 5,50,000.00 | 3000.00 |

**Chief Administrative Officer**



## महाकुलुङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**बुङ, सोलुखुम्बु**
**कोशी प्रदेश नेपाल**

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०७/२८ गते**

गाउँपालिका यस गाउँपालिकाद्वारा तपसिल अनुसारको निर्माण कार्य राष्ट्रियस्तरको खुल्ला बोलपत्र खरिद प्रक्रिया e–GP को माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली बोलपत्रदाताहरुका लागि बोलपत्र कागजातमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ । यस सम्बन्धी सम्पूर्ण कुराहरु बुझ्नको लागि यस कार्यालयको वेबसाइट www.mahakulungmun.gov.np, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp यस कार्यालयको सूचना पाटी तथा कार्यालय समयमा कार्यालयको पूर्वाधार विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | बोलपत्रको विवरण | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | लागत अनुमान रकम रु. (भ्याट बाहेक पि.एस. समेत) | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद दस्तुर रु. | बोलपत्र मान्य अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | MRM/NCB/ WORKS/ 2082/083/01 | Mahakulung Ringroad Upgradation Works at Mahakulung Rural Municipality. Bung, Solukhumbu | २०८२/०९/०१ गते दिनको १२:०० बजेसम्म | २०८२/०९/०१ गते दिनको ४:१० बजे | ९१,५०,८६७.९९/- | २,५२,०००/- | ३,०००/- | ९० दिन |
| बैंक विवरण | | | बोलपत्र फारम खरिद दस्तुर जम्मा गर्ने प्रयोजनका लागि : Everest Bank Ltd. Mahakulung Branch, Bung, Solukhumbu. Name of Account : GA-1.1 Internal Revenue Account (Mahakulung) Account No. : 0830010620008 | | | बोलपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनका लागि : Everest Bank Ltd. Mahakulung Branch, Bung, Solukhumbu. Name of Account : GA-3 Mahakulung Ga Pa (Dharauti Koshi) Account No. : 08300106200003 | | |

**प्रमुख प्रशासकीय अधिकृत**

# 'युवा पुस्ताको चाहना जवाफदेही, उत्तरदायी र भ्रष्टाचारमुक्त शासन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले युवा पुस्ताको चाहना जवाफदेही, उत्तरदायी र भ्रष्टाचारमुक्त शासन रहेको बताएकी छन् । जेनजी आन्दोलनले यसलाई प्रस्ट गरेको उनको भनाइ छ ।

'हालैको जेन-जी आन्दोलनले हाम्रो युवा पुस्ताले जवाफदेही, उत्तरदायी र भ्रष्टाचारमुक्त शासन चाहन्छ भन्ने स्पष्ट सन्देश दियो,' अस्ट्रेलिया र नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको ६५औं वार्षिकोत्सवको अवसरमा नेपालस्थित अस्ट्रेलियाली राजदूतावासले शनिबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले भनिन्, 'मेरो सरकारले यी लक्ष्य पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ र यसैअन्तर्गत हामी आगामी फागुन २१ मा हुन लागिरहेको प्रतिनिधिसभा निर्वाचनका लागि तयारी गरिरहेका छौं ।'




अस्ट्रेलियाबाट प्राप्त मैत्रीभाव, विकास सहायता तथा लोकतान्त्रिक र समावेशी रूपान्तरणप्रतिको समर्थनलाई प्रधानमन्त्री कार्कीले अत्यन्त मूल्यवान् भन्दै कृतज्ञता व्यक्त गरिन् । नेपाल र अस्ट्रेलियाबीचमा औपचारिक सम्बन्ध स्थापना भएदेखि नै निरन्तर मित्रता सुदृढ हुँदै आइरहेको बताउँदै उनले शिक्षा, व्यापार, विकास र संस्कृतिसहितका महत्त्वपूर्ण क्षेत्रमा दशकौंदेखिको सहकार्यका लागि आभार व्यक्त गरिन् । उनले भनिन्, 'नेपालको विकास यात्रामा अस्ट्रेलिया एक विश्वस्त साझेदार रहँदै आएको छ । शिक्षा, स्वास्थ्य, सुशासन, ग्रामीण विकास र विपद् व्यवस्थापनजस्ता क्षेत्रमा प्राप्त सहयोगले हाम्रो राष्ट्रिय प्रगतिमा महत्त्वपूर्ण योगदान पुगेको छ ।'

नेपाल र अस्ट्रेलियाले विभिन्न अन्तर्राष्ट्रिय तथा बहुपक्षीय मञ्चमा एकअर्कालाई समर्थन गर्दै आएको सन्दर्भ अगाडि सार्दै उनले यसबाट दुई देशबीचका साझा मूल्य र हितलाई प्रस्ट पारिरहेको बताइन् । उनले भनिन्, 'नेपालले क्षेत्रीय तथा विश्व शान्ति र स्थिरतालाई अत्यन्त महत्त्व दिन्छ र विश्वलाई सुरक्षित तथा समृद्ध राख्न अस्ट्रेलियाले खेलेको सकारात्मक भूमिकाको उच्च प्रशंसा गर्दछ ।'

हजारौं नेपाली विद्यार्थीले अस्ट्रेलियाका विश्वविद्यालयमा उच्च शिक्षा हासिल गरेको र आज पनि उनीहरू नेपाल र अस्ट्रेलिया दुवै देशको प्रगतिमा योगदान गरिरहेको उनले उल्लेख गरिन् । 'अस्ट्रेलियामा बसोबास गर्ने करिब दुई लाख नेपाली हाम्रो दुई देशबीच जीवन्त सेतु बनेका छन्, जसले हाम्रो सम्बन्धमा थप निकटता र आत्मीयता जोडेको छ,' प्रधानमन्त्री कार्कीको भनाइ थियो ।

पर्यटन, प्रविधि तथा नवीकरणीय ऊर्जा क्षेत्रमा सहकार्यका नयाँ अवसर सिर्जना गर्दै नेपालमा बढाइरहेको लगानीप्रति उनले प्रशन्नता पनि व्यक्त गरिन् । 'अस्ट्रेलियासँगको बढ्दो व्यापार र लगानीका लागि हामी कृतज्ञ छौं,' उनले भनिन्, 'नेपाल सन् २०२६ मा अति कम विकसित देशको श्रेणीबाट स्तरोन्तति हुने लक्ष्य पूरा गर्न द्रुतगतिले अघि बढिरहेको छ । यस महत्त्वाकांक्षी राष्ट्रिय लक्ष्य प्राप्तिका लागि प्रदान भइरहेको अस्ट्रेलियाको निरन्तर सहयोग हामी कृतज्ञतासाथ स्वीकार गर्छौं ।'

कार्यकाल समाप्त भई अस्ट्रेलिया फर्कन लागेका राजदूत लियान जोन्स्टनलाई आगामी जिम्मेवारी सफलताको कामनासमेत प्रधानमन्त्रीले गरिन् । 'नेपाल-अस्ट्रेलिया मैत्रीपूर्ण सम्बन्धलाई निरन्तर समर्थन गरिरहनुहुने छ भन्ने आशा गर्दछु,' उनले भनिन्, 'नेपाल र अस्ट्रेलियाबीचको मित्रता पुस्तौं-पुस्तासम्म अझ प्रगाढ र समृद्ध बन्दै जाओस् ।'

# पशुपति क्षेत्रमा बालाचतुर्दशीको तयारी



**काठमाडौं (प्रस)–** विश्वसम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्रमा बाला चतुर्दशी पर्वको तयारी सुरु गरिएको छ । बाला चतुतर्दशीका लागि बत्ती, पाल, शतबीज मार्ग व्यवस्थापनलगायत तयारी सुरु गरिएको पशुपति क्षेत्र विकास कोषले जानकारी दिएको छ ।

तयारीका लागि सरोकार भएका निकायसँग बैठक गरी कामको बाँडफाँट गरिएको छ । दिवंगत पितृको सम्झनामा आफन्तजनबाट मंसिर २ गते मंगलबार रातभर दीप प्रज्वलन गरी भोलिपल्ट बुधबारका दिन शतबीजारोपणलाई व्यवस्थितरूपमा गर्न तयारी सुरु गरिएको हो ।

प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन बेलुकी दिवंगत पितृको स्मरणमा बत्ती बाली चतुर्दशीका दिन बिहान शतबीज छर्ने परम्परा छ । मन्दिर प्रांगणको चारैढोका र पश्चिम मूल ढोकासहित बाहिरी परिसरको प्रवेशद्वारमा दीप प्रज्ज्वलन गरी राख्ने व्यवस्था मिलाइएको कोषले जनाएको छ ।

बत्ती बाल्न र रातभर जाग्रामका लागि पालभित्र र उपलब्ध हुन सक्ने अन्य स्थानसमेत कोषको तर्फबाट निःशुल्क उपलब्ध गराइने भएको छ । कसैले पनि शुल्क उठाउन नपाउनेगरी कडा निर्देशन दिइएको निमित्त सदस्य सचिव सुभाषचन्द्र जोशीले जानकारी दिए ।

मन्दिर प्रांगण, मुख्य क्षेत्रभित्र र ढुंगा छापेको, पिच गरेको स्थानमा शतबीज नछर्न र सकेसम्म उम्रने खाली ठाउँमामात्र छर्न भक्तजनलाई अनुरोध गरिएको उनले बताए । यस अवसरमा मादक पदार्थ एवं नशालु पदार्थ बिक्री वितरण तथा उपभोग गर्न निषेध गरिएको छ । यसको अनुगमनका लागि कडा व्यवस्था मिलाइएको कोषले जनाएको छ । भक्तजनलाई महँगा र भड्किला गरगहना एवं छालाका जुत्ता-चप्पल नलगाउन पनि आग्रह गरिएको छ ।

कोषका अनुसार खोजखबर कक्षको सञ्चालन, सञ्चारको प्रभावकारिताका लागि नेपाल टेलिकम र एनसेलबाट विशेष व्यवस्था मिलाइएको छ भने प्रहरी शिविरसँगै एम्बुलेन्ससहितको स्वास्थ्य शिविर राखी प्राथमिक उपचारको व्यवस्था मिलाइने भएको छ । खानेपानी तथा नुहाउने व्यवस्था गर्न कोषले काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई अनुरोध गरी आवश्यक व्यवस्था मिलाइने भएको छ ।

कैलाशडाँडा, उमाकुण्ड, गौरीघाट, किराँतेश्वर, वनकाली, आर्यघाट, मृगस्थली, विश्वरूपलगायत जंगलमा पर्ने शतबीज मार्ग एवं नमोबुद्धमासमेत पर्याप्त बत्तीको व्यवस्था गरिएको र त्यसका लागि नेपाल विद्युत् प्राधिकरणको सहयोग लिई 'लोडसेडिङ' नहुनेगरी व्यवस्था मिलाइने निमित्त सदस्यसचिव जोशीले बताए ।

# चितवन मेडिकल कलेजमा 'रोबोटिक सर्जरी'

**चितवन (प्रस)–** चितवन मेडिकल कलेज (सिएमसी) शिक्षण अस्पतालले रोबोटिक सर्जरी सेवा सुरु गरेको छ । मोफसलमा रहेर अत्याधुनिक सेवा भित्र्याउँदै आएको सिएमसीले नेपालमै दोस्रो रोबोटिक सर्जरी सेवा सुरु गरेको हो ।

रोबोटिक तथा युरो सर्जन डा. प्रतीकमानसिंह गुरुङ, जिआइ सर्जनहरू डा. विशाल आचार्य र डा. रोहितकुमार मिश्रको नेतृत्वमा रोबोटिक सर्जरी सुरु गरिएको छ । अस्पतालमा हालसम्म १४ वटा रोबोटिक सर्जरी गरिसकिएको अस्पतालले जानकारी दिएको छ ।

रोबोटिक तथा युरो सर्जन डा. गुरुङका अनुसार चिरेर गरिने शल्यक्रिया र दुरविन प्रविधिबाट गरिने शल्यक्रियाभन्दा रोबोटिक शल्यक्रिया धेरै आधुनिक र सटिक हुने गर्दछ । उनले भने, 'रोबोटिक सर्जरी चिकित्सा विज्ञानको एउटा अत्याधुनिक प्रविधि हो ।' रोबोटले नै सबै शल्यक्रिया गर्ने नभई सर्जनले योजना बनाएर रोबोटको सहायता लिएर शल्यक्रिया गरिने उनको भनाइ छ ।

चिकित्सकले प्रत्यक्ष रूपमा हातले नभई कम्प्युटरद्वारा नियन्त्रण हुने रोबोटिक हातहरूका माध्यमबाट शल्यक्रिया गरिने उनले स्पष्ट पारे । परम्परागत प्रविधिको तुलनामा रोबोटिक प्रणाली प्रयोग गर्दा शल्यक्रियामा बिरामीको शारीरिक र मानसिक दुवै पक्षलाई ध्यानमा राखेर प्रभावकारी रूपमा संवेदनशील र जटिल उपचार गर्न सकिने डा. गुरुङको भनाइ छ ।

न्यूनतम पीडा, कम रक्तश्राव, छोटो अस्पताल बसाइँ र छिटो निको हुने अवसर प्रदान गर्ने यस प्रविधिबाट विशेषगरी युरोलोजी, गाइनकोलोजी, कार्डियोथोरासिक र क्यान्सर सर्जरीमा प्रयोग उल्लेखनीयरूपमा बढी भएको डा. गुरुङले बताए ।

रोबोटिक सर्जरीमा उपकरण अत्यन्त संवेदनशील र सूक्ष्म हुने जनाउँदै उनले भने, 'यी उपकरणले मानव हातले गर्न नसक्ने अत्यधिक सूक्ष्म शल्यक्रिया गर्न सक्छन् ।' यसले गर्दा शल्यक्रियाको क्रममा शरीरको अन्य भागमा न्यूनतम् क्षति पुग्छ र शल्यक्रियाको परिणाम अत्यन्तै विश्वासिलो तथा सुरक्षित हुने डा. गुरुङको भनाइ छ ।

सानो प्वालमार्फत शल्यक्रिया गर्न सकिने, रक्तश्राव कम हुने, कम पीडा र छिटो निको हुने भएकाले पनि धेरै बिरामीको चाहना यही प्रविधि हुने उनको भनाइ छ । अन्य प्रविधिबाट असम्भव हुने शल्यक्रिया पनि यस प्रविधिबाट गर्न सकिने डा. गुरुङको भनाइ छ । रोबोटिक शल्यक्रिया गर्दा बिरामीको सानो भागमामात्र प्वाल पारिने भन्दै उनले यही कारणले गर्दा शरीरमा शल्यक्रिया गर्दाको दाग निकै सानो हुने बताए ।

# सहरलाई 'स्मार्ट' बनाउन टेलिकमसँग सहकार्य गर्दै कामपा

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा जडान हुने सिसिटिभी क्यामराका लागि आवश्यक पर्ने नेटवर्क प्रयोग गर्न नेपाल टेलिकमसँग सहकार्य अघि बढाएको छ । कामपाको प्रशासन विभागका प्रमुख ध्रुवकुमार काफ्लेका अनुसार वडा कार्यालयहरूमा सिसिटिभी नेटवर्कका लागि अप्टिकल फाइबर नेटवर्क, एफटिटिएच (फाइबर टु द होम)मार्फत लोकल इन्टरनेट उपलब्ध गराउने तयारीका टेलिकमसँगको सहकार्य अघि बढाइएको हो ।

सिसिटिभी क्यामराका कैद भएका दृश्यलाई प्रत्येक निगरानी कक्षसम्म पुऱ्याउनका लागि कामपा र नेपाल टेलिकमसँ सम्झौतासमेत भइसकेको छ । यससँगै नियमित मर्मतसम्भार, आकस्मिक क्षतिको पुनःस्थापना, प्राविधिक सहायता, सेवा विस्तार क्षमता, आकस्मिक अवस्थामा सेवाको निरन्तरताका लागि संरचना, नेटवर्कको निगरानी, सेवा अवरुद्ध हुँदा यसको पहिचान र समाधानका लागि टेलिकमले सेवा उपलब्ध गराउने छ ।

सिसिटिभी क्यामरा, राउटरसहितका सामान तथा उपकरण महानगरपालिकाले व्यवस्था मिलाउने छ । टेलिकमले भविष्यमा आवश्यक पर्ने उच्च गतिको ब्याण्डविथ उपलब्ध गराउने छ । त्यस्तै प्रविधिको परिवर्तनलाई अद्यावधिक गरेर नियमित गराउने छ । प्रविधिको प्रयोगबाट सहरलाई सुरक्षित र स्मार्ट सहर अन्तरसरकार समन्वय र सहकार्यले कुनै पनि गुनासो नआउनेगरी नतिजा ल्याउन कामपाले यस कार्य अघि बढाएको काफ्लेको भनाइ छ ।

टेलिकमसँग यसअघि अप्टिकल फाइबर सञ्जाल भएकाले महानगरपालिकाले तत्काल आफूले यसअघि जडान गरेका सिसिटिभीका दृश्यहरू प्राप्त गर्नसक्ने अवस्था रहेको कामपा सूचना प्रविधि विभागका प्रमुख अनिरुद्र नेपालले जानकारी दिए ।

सिसिटिभी क्यामराले कैद गरेका दृश्यहरू महानगरपालिकाले सञ्चालन गर्ने निगरानी कक्ष (सर्भलेन्स रुम) मा पुऱ्याउने दायित्व टेलिकमले पूरा गर्ने छ । प्रणालीमा यसअघि जडान गरिएका, नियमित तथा क्रमागत योजनामार्फत जडान गरिएका, वडा, विभाग तथा अन्य माग भएका स्थानबाट जडान गरिएका र जडान गरिने सिसिटिभी जोड्न सकिने छ ।

काठमाडौंलाई स्वचालित, सुरक्षित र व्यवस्थित बनाउन प्रविधिमा आधारित प्रणाली विकास तथा विस्तारका लागि सहकार्य गर्ने क्रममा यो सम्झौता भएको हो । यसबमोजिम कामपा वडा कार्यालय र यसभित्रका सार्वजनिकस्थलको दृश्य सिसिटिभी निगरानी कक्ष (सिसिटिभी सर्भलेन्स रुम) मा जिगाबिट प्यासिभ अप्टिकल नेटवर्क (जिपीओएन) प्रयोग गरिने छ ।


**दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८२/०७/३०

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ आइटेक लि.** को मिति २०८२ कार्तिक २७ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ मंसिर २२ गते, (तदनुसार डिसेम्बर ०८, २०२५)
**समय :** दिनको ३:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाडौं ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन गर्ने ।
५. अध्यक्ष र संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरुः**
६. कम्पनीले उद्देश्य मिल्ने कम्पनीहरुलाई प्राप्ति (Acquire) गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।
७. कम्पनीको प्रबन्धपत्र र नियमावलिका प्रस्तावित बुँदाहरुमा संसोधन गर्ने तथा संसोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भएमा थपघट, परिमार्जन, संसोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**आज्ञाले,**
गजेन्द्रमान श्रेष्ठ
अध्यक्ष

**मुक्तिनाथ आईटेक लि.**
**MUKTINATH ITECH LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com

"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"



**Uttargaya Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Laharepauwa, Rasuwa**
**Bagamati Province, Nepal**

**Re-Invitation for Sealed Quotation**

**Date of Publication: 16-11-2025**

1. The Uttargaya Rural Municipality, Rasuwa invites sealed quotations from registered Suppliers for the given below list under sealed quotations Procedure.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Uttargaya Rural Municipality, Rasuwa., 010-592777, info@uttargayamun.gov.np. OR [may visit PPMO website www.bolpatra.gov.up.]
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO'se-GPi.ewww.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account.
   i. Name of the Bank : Himalayan Bank Limited
   ii. Name of Office : Uttargaya Rural Municipality
   iii. Office Code no : 80328501
   iv. Office Account No : 04407741280019
   v. Rajaswa (revenue) Shirshak No: 14249
4. Sealed bids must be submitted to the office Uttargaya Rural Municipality, Rasuwa Uttargaya Rural Municipality, Rasuwa, Nepal through e-GP system ie www.bopatra.gov.np/egp on or before 10-11-2025 12:00. Bids received, after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 11-10-2025 13:00 at the office of Uttargaya Rural Municipality, Rasuwa. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid (ie. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. [04407741280014] at [Himalayan Bank Limited, Betrawati Branch] and submit the receipt of the deposited amount of cash also along with the Sealed Quotation.

| Contract Identification No. | Description of Works | Bid Security Amount NR | Bid Document Fee | Validity Of Bid/Bid Security |
|---|---|---|---|---|
| URM/SQ/ Goods/01/082-83 | Procurement and supply of medicine and surgery items | NRs. 65,000.00 | NRs. 1,000 | 45/75 days |

***Chief Administrative Officer***



**साधारणसभा बस्ने बारेको सूचना**

यस सहकारीको संस्थाको १५ औं वार्षिक साधारणसभा यहि मिति २०८२ साल मंसिर ५ गते शुक्रवार दिनको १:०० बजे निःसहाय सेवा सदन शान्तिनगर काठमाण्डौंको सभाहलमा सम्पन्न हुने भएकोले सम्पूर्ण सदस्य महानुभावहरुलाई अनिवार्य उपस्थितीको लागी हार्दिक अनुरोध छ ।

**अध्यक्ष**
**आर्थिक सेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**आलोकनगर, काठमाडौं**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# अनुगमनको नाममा आर्थिक चलखेल बन्द गर

लामो राजनीतिक तथा आर्थिक संक्रमणबाट गुज्रिएको नेपालमा अर्थतन्त्रलाई धान्ने मुख्य खम्बाको रूपमा वैदेशिक रोजगार रहँदै आएको सबैलाई जानकार नै छ । मुलुकको अर्थतन्त्रको करिब ३० प्रतिशत वैदेशिक रोजगारीमा गएकाहरूले पठाउने रेमिटचान्सबाट धानेको सरकारी तथ्यांक नै छ । मुलुकमा राजनीतिक स्थायित्व र आर्थिक गतिविधि चलायमान हुन नसक्दा रोजगारीको अवसर सिर्जना हुन सकेन । जसको परिणाम युवाहरू रोजगारीका लागि विदेश जानुपर्ने बाध्यता छ । अहिले देशको कुनै गाउँ होला, जहाँबाट वैदेशिक रोजगारीमा नगएको । अझ कतिपय गाउँमा त प्रत्येक घरका कम्तीमा एक जना वैदेशिक रोजगारीमा गएकै हुन्छ ।

मुलुकभित्रै रोजगारीको अवसर नपाएर विदेसिने युवाहरूलाई विभिन्न प्रलोभनमा पारेर ठगिने गरिएको छ । वैदेशिक रोजगारीको यात्रा सुरु गर्दादेखि नै ठगिने उनीहरू कार्यस्थलमा पनि उही समस्या भोग्न बाध्य हुन्छन् । उनीहरू आर्थिक, मानसिक र भौतिक शोषणमा पर्छन् । यो विडम्बनापूर्ण अवस्था आजसम्म अन्त्य हुन सकेको छैन । यद्यपि, उनीहरूले विदेशी भूमिमा बगाएको पसिनाको कमाइले नै आजसम्म मुलुक धानेको छ । यही अर्थतन्त्र धान्ने क्षेत्र बनेको वैदेशिक रोजगारमा आर्थिक चलखेल र ठगीको विषय नौलो रहेन ।

यहीबीच म्यानपावर कम्पनीको अनुगमन गर्ने नाममा वैदेशिक रोजगार विभागका कर्मचारीसमेत आर्थिक लाभ लिन लागिपरेको वैदेशिक रोजगार व्यवसायीहरूले आरोप लगाएका छन् । अनुगमनमा गएर कागजात नियन्त्रणमा लिने र आर्थिक लाभ लिएर फिर्ता गर्ने गरेको उनीहरूको दाबी छ । संस्थाको त्रुटि नभए पनि अनुगमनमा आएका विभागका कर्मचारीले पैसामा मिलाउन सकिने प्रस्ताव गर्ने गरेको गम्भीर आरोप लागेको छ । अनुगमनमा खटिएका कर्मचारीले रकमको बार्गेनिङ गर्न त्रुटि नै नभए पनि पासपोर्ट तथा अन्य कागजात लिएर हिंड्ने गरेको उनले आरोप लगाए ।

विभागका कर्मचारीमाथि लागेको यो आरोप गम्भीर छ । यदि यो सत्य हो भने कानुनी शासन पालना गराउने जिम्मेवार निकायका कर्मचारीबाट हुने यस्तो हर्कतले सुशासनलाई खिल्ली उडाउने तथा भ्रष्टाचार र बेथितिलाई संस्थागत गर्दछ । विभागले आफ्ना कर्मचारीमाथि लागेको यो आरोपको छानबिन गरी यस्ता विकृति नियन्त्रण गर्न जरुरी छ । व्यवसायीहरूले आरोप लगाए जसरी कर्मचारीहरू अनुगमनको नाममा आर्थिक लाभ लिन लागेको पाइए उनीहरूमाथि कारबाही गरियोस् ।

# आर्थिक विकासमा सामाजिक मूल्यमान्यता र संस्थाको महत्त्व



गम्भीरबहादुर हाडा

> कुनै पनि देशको आर्थिक विकासको निर्धारक तत्त्वका रूपमा त्यस देशमा विद्यमान सामाजिक मूल्य, मान्यता र संस्थाहरु रहेका हुन्छन् । मानवीय स्वभाव, चरित्र, सोचाइ, समाजप्रतिको दृष्टिकोण, सामाजिक मूल्य र मान्यताहरु, सामाजिक, आर्थिक संघसंस्थाहरु आदिले प्रभाव पारेका हुन्छन् । सामाजिक मूल्य, मान्यता र संस्कारहरु तथा अन्य व्यवहारहरु अनुकूल भएको देशमा आर्थिक विकास तीव्ररूपले भएको पाइन्छ ।

मानिस एक सामाजिक प्राणी हो । समाजभन्दा बाहिर रहेर मानवरूपी सफल जीवन बिताउन सक्दैन र उसलाई समाजको आवश्यकता पर्छ । समाजमा बसेर सामूहिक आवश्यकताको परिपूर्ति गर्न कायम गरिएका हुन्छन् । समाजमा बसेर जिउने तरिका, प्रथा र आचार विचार निर्धारण गरिएका हुन्छन् । यिनैलाई सामाजिक मूल्य, मान्यता र संस्थाहरू भनिन्छ । जसले मानवको धारणा, सोचाइ र मनस्थितिमा परिवर्तन ल्याइदिन्छ ।

कुनै पनि देशको आर्थिक विकासको निर्धारक तत्त्वका रूपमा त्यस देशमा विद्यमान सामाजिक मूल्य, मान्यता र संस्थाहरू रहेका हुन्छन् । मानवीय स्वभाव, चरित्र, सोचाइ, समाजप्रतिको दृष्टिकोण, सामाजिक मूल्य र मान्यताहरू, सामाजिक, आर्थिक संघसंस्थाहरू आदिले प्रभाव पारेका हुन्छन् । सामाजिक मूल्य, मान्यता र संस्कारहरू तथा अन्य व्यवहारहरू अनुकूल भएको देशमा आर्थिक विकास तीव्ररूपले भएको पाइन्छ । विकसित मुलुकहरूमा अनुकूल किसिमका परम्परा तथा व्यवहारहरू भएको हुँदा आर्थिक विकासको दर उच्च हुन गएको छ भने विकासोन्मुख मुलुकहरूमा विकासका लागि प्रतिकूल धार्मिक तथा सांस्कृतिक मूल्य र मान्यताहरू विद्यमान रहेको कारण विकासले गति लिन सकेको छैन ।

विकसित राष्ट्रहरूले समय र परिस्थितिअनुरूप विद्यमान मूल्य र मान्यताहरूमा परिवर्तन गर्दै लगे । विकासमा बाधा पुऱ्याउनेखालका संस्कारहरूलाई समाजबाट हटाइदिए । जसले गर्दा विकसित राष्ट्रको सवालमा धार्मिक परम्परा र संस्थाहरूले आर्थिक विकासमा सकारात्मक भूमिका निर्वाह गरेको पाइन्छ । तर विकासोन्मुख राष्ट्रहरूले पुरानो परम्परालाई समयानुकूल बनाउन सकेनन् ।

कुनै पनि देशको आर्थिक विकास र त्यस देशका सामाजिक, आर्थिक, राजनीतिक र वैधानिक संस्थाहरूबीच घनिष्ट सम्बन्ध हुन्छ । विश्वको आर्थिक विकासको अध्ययनबाट थाहा हुन्छ कि सामाजिक र आर्थिक संस्थाहरूका सम्बन्धित देशको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान रहेको छ । कार्लमाक्सले पनि आर्थिक विकासमा सामाजिक र आर्थिक दृष्टिकोणको महत्त्वलाई स्वीकार गरेको छ ।

अनुकूल सामाजिक वातावरणले अर्थतन्त्रको विकासमा ठूलो टेवा पुऱ्याउँछ । रोस्टोको मतअनुसार विज्ञानको प्रगति गर्ने, विज्ञानलाई आर्थिक उद्देश्यका लागि प्रयोग गर्ने नवप्रवर्तन स्वीकार गर्ने, भौतिक उन्नति चाहने, उपभोग प्रवृत्ति, बच्चा जन्माउने प्रवृत्ति आदि राजनीतिक तथा सांस्कृतिक तत्त्वहरूमा समुदायका प्रवृत्तिहरू निर्भर गर्दछन् । समाजद्वारा स्वीकृत साधन, तरिका, प्रथा तथा पद्धतिलाई संस्था भनिन्छ । संस्थाद्वारा सामूहिक उद्देश्य पूर्ति हुन्छ ।

सामाजिक मूल्य, मान्यताहरूमा अनुकूल भएको देशमा द्रुततर गतिमा आर्थिक विकास भएको पाइएको छ । आधुनिक आर्थिक वृद्धिलाई सामाजिक तथा धार्मिक, सांस्कृतिक परम्पराहरूले ठूलो प्रेरणा दिएको थियो । पाश्चात्य समाजमा भौतिकवादी दृष्टिकोण, व्यक्तिगत स्वतन्त्रता भएको व्यक्तिवाद उद्यमशीलताको विकास, विवेकशीलताको गुणहरू पाइन्छन् । नेपालजस्तो अल्पविकसित देशमा विकासका लागि प्रतिकूल धार्मिक र सांस्कृतिक मान्यताहरू विद्यमान छन् ।

प्रा. वरमन ज्याकोब्सले सामाजिक र आर्थिक संस्थाहरूको विश्लेषणको सन्दर्भमा चीन र जापानको आर्थिक विकासका कारणहरूको तुलनात्मक अध्ययन गर्दै बताएका छन् कि आजको आधुनिक जापान निःसन्देह आफ्नो उपयुक्त सामाजिक ढाँचा र अनुकूल वातावरणको परिणाम हो जबकि यसको विपरीत चीनको विकास क्षमतालाई यी संस्थाहरूले सीमित बनाएको छ । वास्तवमा मानिसको चरित्र, स्वभाव, दृष्टिकोण र मनोवृत्ति सामाजिक मूल्य र मान्यता, सामाजिक र आर्थिक संस्थाहरूले कुनै पनि देशको आर्थिक विकासमा ठूलो प्रभाव पार्छ । विकासशील देशहरूमा यी सामाजिक मूल्य र मान्यता तथा सामाजिक संस्थाहरूको अझै बढी महत्त्व छ ।

संयुक्त राष्ट्रसंघ (युएनओ) को एक प्रतिवेदनअनुसार 'उपयुक्त वातावरणको अभावमा आर्थिक प्रगति हुँदैन । देशका जनताले प्रगतिको चाहना गर्नुपर्दछ र सोही अनुकूल उनीहरूको सामाजिक आर्थिक, कानुनी तथा राजनीतिक संस्थाहरू हुनुपर्दछ ।

नेपालजस्तो अल्पविकसित देशमा सामाजिक संस्थाहरूले विकासको बाटोमा अवरोध पनि उत्पन्न गरेको छ । मानिसहरू परम्परागत रीतिरिवाजबाट बढी प्रभावित छन् । परम्परागत धर्म र संस्कार आदिले मानिसलाई बचत तथा लगानी गर्न प्रोत्साहित गर्दैन । संयुक्त परिवार प्रणाली भएकोले आर्थिक निर्णय पनि स्वतन्त्ररूपमा हुँदैन । जाति प्रथा, पर्दा प्रथा, संयुक्त परिवार प्रथाले श्रमको गतिशीलता कम गरेको छ । अल्पविकसित देशको सामाजिक मूल्य तथा मान्यताहरूको विकास प्रक्रियामा बाधा परेको पाइन्छ ।

मम दिय डियाको धारणाअनुसार जापान, कोरिया तथा ताइवानजस्ता देशले आफ्ना अनुपम राष्ट्रिय विशेषतालाई कायम गरेर वा स्थानीय रीतिरिवाज, सांस्कृतिक वा परम्परागत मूल्यहरूलाई तिरस्कार नगरीकनै उच्चस्तरको आधुनिक उत्पादन तथा उच्चस्तरको प्रविधि हासिल गर्नुका साथै आधुनिकीकरण गर्न सफल भएका छन् । डियाको भनाइअनुसार 'परम्परागत मूल्यहरूलाई आर्थिक दक्षता तथा सञ्चयसँग मिलाउनु र प्रभावकारी आन्तरिक व्यवस्थापन अभ्यासनको निर्माण गर्नु आर्थिक किवासका लागि महत्त्वपूर्ण छ ।

म्याक्स वेबरको विचारमा प्रोटेस्टेन्ट धर्मले पश्चिमी देशहरूको आर्थिक विकासमा सार्थक सिद्ध भएको छ । यसको विपरीत चीनमा कन्फचुसियस धर्मले सादा जीवनमा बढी बल दिएर आर्थिक विकासलाई बाधा पाऱ्यो । भारतमा धर्म आर्थिक विकासको मार्गमा बाधक र सहायक दुवै रहेको छ । साधनको रूपमा भारतीय धर्ममा दरिद्रतालाई पाप सम्झेर मानिसलाई कठिन परिश्रम गर्न प्रेरित गऱ्यो । बाधकको रूपमा यसले भौतिक सुख र सम्पन्नताको स्थानमा आध्यात्मिक उन्नति सादा जीवन उच्च विचार अहिंसा धरमोधर्म आदिमा बढी बल दिएको छ, जसले उत्पादन, उपभोग र विनियोगमा खराब प्रभाव पारेको छ ।

डब्लुडब्लु रोस्तोले उल्लेख गरेअनुसार देशको आर्थिक विकासका क्रममा समुदायको प्रवृत्तिको रूपमा अनुकूल सामाजिक वातावरणको निम्नलिखित महत्त्व रहेको हुन्छ- (१) आधारभूत विज्ञानको विकास गर्ने प्रवृत्ति, (२) आर्थिक साध्यमा वैज्ञानिक नियम लागू गर्ने प्रवृत्ति, (३) नवप्रवर्तनको प्रक्रियालाई स्वीकार गर्ने प्रवृत्ति, (४) भौतिक उन्नतिको खोजी गर्ने प्रवृत्ति, (५) उपभोग गर्ने प्रवृत्ति र (६) बच्चा जन्माउने प्रवृत्ति

विकासोन्मुख देशहरूमा विभिन्न जनजातिहरूमा विभाजन भएका हुन्छन् । जस्तैः बाहुन, क्षेत्री, नेवार, मगर, हिन्दू, मुसलमान, सिख, मगर, गुरुङ, दमाई, कामी आदि । यस प्रथाले अनेक रुढीवादी संस्कार र बन्धनलाई जन्म दिन्छ । अर्को समान स्थिति भएको सामाजिक मान्छेहरूको समग्रलाई सामाजिक वर्ग भन्ने गरिन्छ । सामाजिक वर्ग भनेको एएटा सिंगो समाजभित्रका समान धन, इज्जत, शक्ति, अधिकार भएका व्यक्तिहरूको समूह हो । वर्ग त्यस्तो सामाजिक अवधारणा हो जसले समाजभित्रको एक समूहलाई आर्थिक, राजनीतिक, सामाजिक आदि पक्षको आधारमा अर्को समूहबाट पृथक गराउँछ । जस्तो कृषक विद्यार्थी, शिक्षक, व्यापारी, कालिगढ, नकर्मी, सिकर्मी, डकर्मी, धनी, गरिब, पुँजीपति, सर्वहारा, मजदुर आदिलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

समाजमा तीन वर्ग कायम रहेका छन्- उच्च वर्ग, मध्यम वर्ग, निम्न र तल्लो वर्ग । कुनै पनि समाजमा निश्चितरूपमा उच्च वर्गको सर्वांगीण क्षेत्रमा प्रभुत्व कायम रहेको हुन्छ । उत्पादनका साधन र उत्पादनका प्राप्त मुनाफाको ठूलो हिस्सा हडप्ने, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, धार्मिक आदि क्षेत्रबाट अधिकतम् लाभान्वित यही उच्च वर्ग भएको हुन्छ । राष्ट्र समाजका हरेक पक्षहरूमा निर्णय निर्माण गर्ने प्रक्रियामासमेत यही वर्गको एकलौटी प्रभुत्व रहेको हुन्छ ।

नेपाली समाजको वर्गीय स्वरूपको बीचको स्थानमा रहने वर्ग मध्यम वर्ग हो । बीचमा झुण्डिएर रहेको तल खस्किन पनि नसक्ने र नरुचाउने र माथि उक्लन नपाउने वर्ग रहेका हुन्छन् । सामाजिक भऱ्याङरूपी वर्गी संरचनाको तल पिँधमा रहने वर्ग निम्न र तल्लो वर्ग हो । यो आफ्नो श्रम बेचेर जीविकोपार्जन गर्ने बढी शोषित वर्ग हो । अत्यन्तै न्यून मात्रामा जग्गा भएका दुई-तीन महिनामात्र आफ्नो जग्गाको आयस्थाबाट खान पुग्ने बाँकी अर्काको निम्ति काम गरिदिने र परिवारको आकारले पनि आर्थिक विकासलाई प्रोत्साहित गर्दछ ।

व्यक्तिवादी भावना प्रबल हुनुका कारण विकसित राष्ट्रहरूमा परिवारको आकार सानो हुन्छ । तर अल्पविकसित राष्ट्रहरूमा खास गरेर भारत तथा नेपालमा ठूलो आकारको परिवार पाउन सकिन्छ । जसलाई संयुक्त परिवार भनिन्छ । जब परिवारको सदस्य तथा उसको श्रीमती र बच्चाहरू मिलेर एकै ठाउँमा बस्दछ भने त्यस्तो व्यवस्थालाई संयुक्त परिवार प्रणाली भनिन्छ । परिवारको सबैभन्दा ज्येष्ठ सदस्य परिवारको प्रमुख हर्ताकर्ता हुने र अरु सबै सदस्य उसैको रेखदेखमा रहन्छन् । संयुक्त परिवार प्रणालीमा काम गर्न अशक्त सदस्यकोसमेत उचित लालन पालन हुन सक्ने भएकाले सामाजिक कल्याणमा वृद्धि आउने हुन्छ । सामाजिक कल्याणका दृष्टिबाट यो प्रणाली अत्यन्तै उचित ठहरिए पनि बचत, पुँजी निर्माण, उत्पादन र आर्थिक विकासका दृष्टिबाट यस प्रथालाई प्रतिकूल मानिन्छ ।

नेपाल जस्तो अविकसित देशमा बाबुको मृत्युपश्चात् उसको सम्पत्ति छोराहरूमा समानरूपले बाँडिन्छ । हाल छोरीहरूमा पनि भाग त लाग्ने प्रचलन देखिन्छ । विकासशील देशमा यो प्रथा एउटा प्रमुख सामाजिक मूल्य र संस्थाको रूपमा रहेको छ । उत्तराधिकारको नियमले समाजमा आर्थिक सुरक्षा, धनको समान वितरण र बचत प्रवृत्तिलाई कायम राख्छ । तर यस प्रथाले भूमिको उपविभाजन, पुँजी सञ्चयमा कठिनाइ र उद्यमशीलताको अभावजस्ता समस्याहरूलाई जन्म दिन्छ ।

अल्पविकसित देशहरूमा विभिन्न किसिमको धार्मिक परम्परा, रीतिरिवाज पाइन्छ । समाज हिन्दू, मुसलमान, बौद्ध, क्रिश्चियन आदि समुदायमा बाँडिएको हुन्छ र यिनीहरूबीच समय समयमा धार्मिक अशान्ति, दंगा उत्पन्न हुन्छ र अर्थतन्त्रमा नराम्रो असर पर्दछ । जातीय भेदभाव, छुवाछूत आदिले गर्दा साम्प्रदायिक भावना प्रबल हुन्छ र श्रमको राम्रो सदुपयोग हुन पाउँदैन । मानिसमा भाग्यवादी दृष्टिकोण भएको पाइन्छ । विकासशील देशमा धर्म प्रेरकको रूपमा नभई अदृश्य संरक्षकको रूपमा रहेको छ । व्यवसायको छनोट गर्दा पनि धार्मिक बन्धन अगाडि आउने गर्दछ । विकासशील देशहरूमा विभिन्न प्रकारका धार्मिक रीतिरिवाज परम्परा र चालचलनहरू प्रचलित रहेका हुन्छन् । कतिपय परम्परागत धार्मिक रीतिरिवाजहरू आर्थिक विकासको मार्गमा अवरोधपूर्ण रही आएका छन् ।

*(बाँकी अंश अर्को अंकमा)*

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा रहँदा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरु

- सामान्यतया काम गर्ने समय आठ घण्टा अनिवार्य हो तर काम (ओभरटाइम) पाइयो भन्दैमा १२ घण्टाभन्दा बढी काम गर्दा शरीरलाई चाहिने आराम कम हुने भएकोले स्वास्थ्यमा असर पर्न जान्छ ।
- कोठामा बस्दा वा सुत्दा एसी सही किसिमबाट प्रयोग गर्नुपर्छ ।
- त्यसैले दैनिक १२ घण्टा काम गर्ने हो भने आठ घण्टा अनिवार्यरूपमा आराम गर्नुपर्दछ ।
- दैनिक काम गरेको समय र आरामको समय मिलाई सोहीबमोजिम पोषिलो खाना खानुपर्दछ ।
- स्वदेश र विदेशको वातावरण फरक पर्ने हुँदा पर्याप्त मात्रामा पानी पिउने गर्नुपर्दछ ।
- बाहिरी वातावरणमा घुम्न जाँदा वा हिँड्दा मास्क, चस्मा आदिको प्रयोग गर्नुपर्दछ ।
- जाडो र गर्मीको वातावरण हेरी कार्यस्थलमा वा स्थानमा उपयुक्त तवरले प्रयोग गर्नुपर्दछ ।
- धूमपान तथा मादकपदार्थको प्रयोगले स्वास्थ्यमा तुरुन्तै असर गर्ने भएकोले यसको प्रयोग गर्नु भनेको स्वास्थ्य खतरामा पार्नु हो । त्यसैले मादकपदार्थको प्रयोगबाट टाढै रहनुपर्दछ ।
- कामको प्रकृतिअनुसार तोकिएका सुरक्षाका सामानहरू प्रयोग गर्नुपर्दछ । जस्तोः चस्मा, पञ्जा, रोप, बुट, ड्रेस, हेल्मेट, हार्नेस आदि । सुरक्षा कवच प्रयोग गर्न लापरवाही गरे दुर्घटना हुनसक्छ, स्वास्थ्यमा असर पर्छ ।

### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरु

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा निरीक्षण गरिरहेका हुन्छन् । त्यसैले सावधानी अपनाउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- कुनै समस्यामा परिहाले कसलाई सम्पर्क गर्ने भन्ने पूर्वतयारी अवस्थामा रहनुपर्दछ । त्यस्तो अवस्थामा गोप्य तरिकाले सम्बन्धित निकाय, संस्था वा व्यक्तिलाई सहयोगको याचना गर्नुपर्दछ ।
- पहिलोपटक वैदेशिक रोजगारीमा गएका महिला कामदारले विशेष सावधानी अपनाउनुपर्दछ । त्यहाँको वातावरणमा घुलमिल हुन केही समय लाग्ने हुँदा आफूलाई आफैंले स्वनियन्त्रणमा राखी काम गर्नुपर्दछ ।

## पाठक मञ्च

### सहकारीकै लाइनमा बैंक !

विभिन्न सहकारीमा धितो राखेर ५७ लाखभन्दा बढी नागरिकले ऋण लिएको तथ्यांक छ । त्यस्तै, लघुवित्तबाट ऋण लिनेको संख्या २३ लाख छ । बैंकबाट ऋण लिनेको संख्या १९ लाख रहेको छ । लाखौंले व्यक्तिबाट मिटरब्याजमा पैसा लिएका छन् । वित्तीय संस्था र मिटरब्याजीले चार चिज धितो राखेर कर्जा दिएको छ ।

त्यो हो, घरजग्गा, सेयर, गाडी र सुन । पाँच वर्षपछाडि फर्केर हेर्ने हो भने घरजग्गा र सेयरको मूल्य दिनको दुई गुणा र रातको चार गुणाले बढ्दै गयो । एकरातमै जग्गाको भाउ बढिहाल्थ्यो । मूल्य ह्वात्तै बढेपछि सबैको त्यसमै आँखा गयो । उता, प्रति कित्ता एक सय रूपैयाँको सेयर ३२ सयसम्म पुग्यो ।

गाडीको भाउ पनि बढेको बढ्यै भयो । सुन त झन् केही महिनाअगाडि तोलाकै दुई लाख ५८ हजार ५०० रूपैयाँ पुग्यो । भ्यालुएसन गर्ने इन्जिनियरले धितोको बजारी मूल्य हेरेर त्यसैअनुरूप बैंकलाई सिफारिस गऱ्यो । धितो बजारी मूल्यांकनका आधारमा ६० देखि ८० प्रतिशत कर्जा दिन बैंकलाई सिफारिस गरियो ।

त्यो भ्यालुएसनकै आधारमा बैंकहरूले कर्जा प्रवाह गरे । सेयरको बजार चलाउने ५० देखि ५५ जना थिए । उनीहरूले आफ्नो हिसाबले सेयरको मूल्य घटबढ गराइदिन्थे । तर, बैंकले त्यो कुरा बुझेन । यता, जनताले पनि तिनका रणनीति बुझेनन् । जसका कारण करोडौं सेयर लगानीकर्ता चुर्लुम्मै डुबेका छन् ।

जग्गाको हकमा पनि त्यहीँ नै हो । हजार रूपैयाँ आना नपर्ने डाँडाकाडासहितको जग्गामा डोजर लगाएर, टुक्राटुक्रा पारेर, खण्डीकरण र प्लानिङ गरेर आनाकै ६० देखि ७० लाखसम्म पुऱ्याइयो । यसो गर्ने जग्गा दलाली हुन् । दुई रूपैयाँ किलोमा बिक्री नहुने प्लास्टिक, फलाम, सिसा, रबर, कपडा, फर्महरूको प्रयोगले गाडी बन्छ ।

अटोशोरुमले ती सामानले बनेको गाडी ल्याएर लाखदेखि करोडसम्ममा बेच्यो । भदौ २३ र २४ गतेको प्रदर्शनमा ती गाडी नष्ट भयो । अहिले कबाडीवालाले एक रूपैयाँ किलोमा पनि किन्दैन । २०२२ सालमा ८० रूपैयाँ तोला पर्ने सुन झण्डै तीन लाख रूपैयाँ पुऱ्याइयो । सुनको तौल उति नै छ, मूल्यमात्र बढाइयो ।

बैंक र व्यक्तिले यस्ता वस्तुमा आँखा चिम्लेर लगानी गरे । बिलासी वस्तुमा लगानी गर्नुहुँदैन भन्ने कुरा न बैंकले बुझ्यो न व्यक्तिले । बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएकाहरूले हात उठाइसकेका छन् । हामी ऋण तिर्न सक्दैनौं, तपाईंहरू धितो खानुस् भन्न थालिसके, ऋणीहरू ।

ऋणीले धितो लिलाम गर्न भने पनि तिनका हकदाबीले धमाधम बैंक तथा वित्तीय संस्थाविरुद्ध मुद्दा हालिरहेका छन् । नेपालको कानुनले कुनै पनि नागरिकलाई सुकुम्बासी बनाउन नपाउने व्यवस्था गरेको छ । तर, बैंकले सबै धितो लिलाम गरेर सुकुम्बासी बनाउन खोजेपछि ऋणीका सन्तानहरूले अदालत गुहार्न थालेका छन् ।

मुलुकका प्रतिष्ठित र नाम चलेका बैंकहरूमै संकट देखिन थालिसक्यो । ती बैंकले बचतकर्तालाई पैसा फिर्ता दिन सकिरहेका छैनन् । बैंकमा न सर्वसाधारणले बचत गर्छन् न ऋण लिन जान्छन् । बैंकबाट लिएको ऋण पनि नतिरेको अवस्था छ । सरकारले सयौं सहकारीलाई समस्याग्रस्त घोषणा गरिसकेको छ । बैंकहरू पनि सहकारीकै लाइनमा त लागेका त होइनन् ?

- **अनुसा थापा**, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# तीन वर्षमै दुई हजारभन्दा बढी मोतियाबिन्दु बिरामीको निःशुल्क शल्यक्रिया

**सिरहा–** नेपाल नेत्रज्योति संघद्वारा सगरमाथा चौधरी आँखा अस्पताल लहानको सहकार्यमा लहान नगरपालिका सञ्चालन हुँदै आएको आँखा जाँच शिविरले तीन वर्षको अवधिमा दुई हजारभन्दा बढी मोतियाबिन्दु बिरामीलाई शल्यक्रियामार्फत निःशुल्क उपचार गरेको छ ।

नगरपालिकाका २४ वटै वडामा आयोजित शिविरमार्फत हालसम्म १८ हजार ३१७ जनाको आँखा जाँच गरिएको थियो, जसमा दुई हजार ५५३ जनामा मोतियाबिन्दु पहिचान गरिएको शिविर प्रमुख राजकुमार यादवले जानकारी दिए ।

उनका अनुसार पहिचान भएका बिरामीमध्ये एक हजार ९७७ जनाको शल्यक्रिया भइसकेको छ भने ५०० भन्दा बढी बिरामीलाई खोजी गरी शीघ्र उपचार गर्ने तयारी भइरहेको छ । त्यस्तै, ५० वर्षभन्दा माथिका नागरिकमा मोतियाबिन्दुको समस्या धेरै देखिएको उनले बताए ।

शिविर सञ्चालनका लागि लाग्ने प्रतिव्यक्ति पाँच हजार रूपैयाँ खर्चमध्ये आधा रकम लहान नगरपालिका र आधा अस्पतालले व्यहोर्दै आएका छन् । बिहीबार




वडा नम्बर २४ मा गरिएको शिविरमा ३३५ जनाको स्वास्थ्य परीक्षण हुँदा ९९ जनामा मोतियाबिन्दु फेला परेपछि तुरुन्तै अस्पताल ल्याई शल्यक्रिया गरिएको थियो ।

नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले नगरलाई 'मोतियाबिन्दु मुक्त' बनाउन अभियान चलाइरहेको बताए । 'दियोको मुनि अँध्यारो रहनु हुँदैन भन्ने भावनाले हामी नगरवासीको आँखाको स्वास्थ्यमा विशेष ध्यान दिइरहेका छौं,' उनले भने ।

अस्पतालका अध्यक्ष रविन्द्रलाल चौधरीले दलित तथा विपन्न वर्गका नागरिकले शिविरबाट प्रत्यक्ष लाभ पाइरहेको उल्लेख गर्दै लहान नगरपालिकाको सहकार्यले सिरहा-सप्तरीका अन्य पालिकासमेतमा आँखा रोग निवारण अभियान सशक्त बन्दै गएको बताए । शिविरमार्फत जाँच र शल्यक्रिया पाएका दलित तथा विपन्न समुदायका नागरिकले निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराएर नयाँ जीवन दिएको जनाउँदै लहान नगरपालिका र सगरमाथा चौधरी आँखा अस्पतालप्रति आभार व्यक्त गरेका छन् ।

स्थापनादेखि सन् २०२४ को अन्तिमसम्ममा नेपाल नेत्रज्योति संघको २८ आँखा अस्पताल र २२६ आँखा उपचार केन्द्रको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी कूल चार करोड ६८ लाख ६८ हजार ६० जना आँखाका बिरामीलाई आँखा उपचार सेवा प्रवाह गरिसकेको छ भने ५३ लाख ९२ हजार २२४ जनाको आँखाको शल्यक्रिया भइसकेको छ । *रासस*



**सडक सरसफाइ** | **नुवाकोटको शिवपुरी गाउँपालिका वडा नम्बर ६ ले शनिबार शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको गुर्जे भञ्ज्याङबाट टोखा–छहरे सडकको गुर्जेसम्म आयोजना गरेको सरसफाइ कार्यक्रममा सडकका फोहोर संकलन गर्दै सहभागीहरू । कार्यक्रममा विद्यार्थी, शिक्षक, जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकायलगायतको सहभागिता थियो ।** *तस्बिरः रासस*

# गाउँपालिका कार्यालयमा तालाबन्दीपछि सुर्नयामा औषधि अभाव

**बैतडी (प्रस)–** बैतडीको सुर्नया गाउँपालिकामा लामो समयसम्म तालाबन्दी हुँदा स्वास्थ्य क्षेत्र प्रभावित बनेको छ । तालाबन्दीपछि आवश्यक काम अगाडि नबढ्दा पालिकाअन्तर्गतका स्वास्थ्य संस्थामा औषधि अभाव भएको जनाइएको छ ।

स्वास्थ्य संस्थामा सिटामोल, बिटाडिन, जीवनजललगायत अत्यावश्यक औषधिको अभाव भएको सुर्नया-३ स्थित बाशुलिङ स्वास्थ्य चौकीका इन्चार्ज दलबहादुर विष्टले जानकारी दिए । औषधि अभावमा सामान्य चोटपटक लागेकालाई उपचार गर्न पनि समस्या भएको उनले बताए ।

सोही स्वास्थ्य चौकीका ' ल्याब असिस्टेण्ट' नरेन्द्रसिंह विष्टले सामान्य सामग्री पनि उपलब्ध नहुँदा सुत्केरी सेवासमेत प्रभावित हुने अवस्था आएको बताए । गाउँपालिकाका स्वास्थ्य संयोजक रामसिंह महराले पनि गाउँपालिकाअन्तर्गतका स्वास्थ्य चौकीबाट औषधिलगायत स्वास्थ्य उपकरण अभावबारे गुनासो आइरहेको बताए ।

गाउँपालिकाले स्वास्थ्य उपकरणसहित औषधि आपूर्तिका लागि बोलपत्र आह्वान गरिए पनि तालाबन्दीका कारण सम्झौता नहुँदा औषधि खरिद प्रक्रिया अघि बढाउन नसकिएको उनले जानकारी दिए । यहाँ आफूहरूले मागेको सूचना उपलब्ध नगराएको भन्दै गत असोज २४ गते 'जेन-जी' पुस्ताका युवाहरूले गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरेका थिए । सहमतिका लागि छलफल भए पनि कुनै सहमति हुन नसक्दा स्वास्थ्यलगायत अत्यावश्यक सेवा प्रभावित भइरहेका छन् ।

# अन्नपूर्णमा टोलटोलमा पुगेर स्वास्थ्य परीक्षण



**म्याग्दी (प्रस)–** म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले टोलटोलमा पुगेर सर्वसाधारणको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाएको छ ।

स्वास्थ्यचौकी र सामुदायिक स्वास्थ्य एकाइ नभएको टोलमा पुगेर रोग पहिचानका लागि स्वास्थ्यकर्मीहरूले स्वास्थ्य परीक्षण गरेका हुन् । गाउँपालिकाका स्वास्थ्य शाखाका प्रमुख समुन्द्र बरुवालले हरेक महिना स्वास्थ्यकर्मीहरू प्रत्येक टोलमा पुगेर सुगर (चिनीरोग) र प्रेसर (रक्तचाप)को परीक्षण गर्ने व्यवस्था मिलाएको जानकारी दिए ।

'ज्येष्ठ नागरिक, बालबालिका र विपन्नहरूलाई लक्षित गरेर स्वास्थ्यकर्मी टोलमै पुगेर स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइएको हो,' उनले भने, 'रोगको पहिचान गरी उपचारको पहुँचमा ल्याउन टोलटोलमा स्वास्थ्यकर्मी कार्यक्रम प्रभावकारी बनेको छ ।' गत आर्थिक वर्षमा यो कार्यक्रमबाट एक हजार २०० जना लाभान्वित भएका थिए । परीक्षणका लागि सुरु गरेको कार्यक्रम प्रभावकारी बनेपछि यस वर्ष पनि आवश्यक सामग्रीसहित स्वास्थ्यकर्मीलाई टोलटोलमा परिचालन गरिएको स्वास्थ्य शाखा प्रमुख बरुवालले बताए ।

स्वास्थ्य संस्थामा पाइने औषधि लिएर टोलमा पुग्ने स्वास्थ्यकर्मीहरूले परामर्शका साथै निःशुल्क औषधि उपलब्ध गराउने गरेका छन् । परीक्षणका क्रममा समस्या देखिएकालाई थप उपचारका लागि अस्पताल जान सुझाउने गर्छन् । टोलमा पुग्ने स्वास्थ्यकर्मीले बच्चाहरूलाई खोप, गर्भवती र नवजात शिशुको तौल पनि लिने गरेका छन् ।

टोलमै सेवा पाउँदा समयको बचत र उपचारमा सहज पहुँच स्थापित भएको अन्नपूर्ण गाउँपालिका-५ स्वाँतकी वीनाकुमारी तिलिजाले बताइन् । आठवटा वडा रहेको अन्नपूर्ण गाउँपालिकामा आठवटा स्वास्थ्यचौकी, छ वटा सामुदायिक स्वास्थ्य एकाइ र दानामा आयुर्वेद स्वास्थ्य केन्द्र छ ।

छरिएका बस्तीहरू रहेको र स्वास्थ्यचौकी तथा एकाइमा पुग्न घण्टौं हिँड्नुपर्ने टोलमा स्वास्थ्यकर्मी परिचालन गरिएको गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताए । तोकिएको समयमा गर्भ परीक्षण र संस्थागत प्रसूति हुनेलाई घरमै पुगेर भाले उपहार दिने गरिएको छ ।

अन्नपूर्ण गाउँपालिकाले घरमा प्रसूति हुनेको संख्यालाई लगातार दोस्रो वर्ष शून्य अंकमा कायम राखेको छ । यहाँ आव २०८१/८२ मा ७९ र २०८०/८१ मा ९१ जनाले सुरक्षित प्रसूति सेवा लिएका छन् । आव २०७९/८० मा १३९ मध्ये १३५ जनाले संस्थागत प्रसूति सेवा लिंदा एक जनाले मात्र घरमा र चार जनाले मृत बच्चा जन्माएका थिए ।

# गाँजाखेतीसम्बन्धी विधेयक विषयगत समितिमा

**गण्डकी (प्रस)–** गण्डकी प्रदेशसभामा सामान्य छलफलपछि संशोधन प्रस्तावसहित 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेतीलाई नियमन गर्न बनेको विधेयक' दफावार छलफलका लागि विषयगत समितिमा पठाइएको छ ।

यही कात्तिक २४ गते बसेको प्रदेशसभा बैठकमा प्रस्तुत भएको उक्त विधेयकमा दुई जना प्रदेशसभा सदस्यबाट संशोधनको सूचना प्राप्त भएको थियो । शुक्रबारको प्रदेशसभा बैठकले संशोधन प्रस्तावसहित उक्त विधेयकलाई दफावार छलफलका लागि विषयगत समितिमा पठाउने प्रस्तावलाई सर्वसम्मत पारित गरेको प्रदेशसभाकी उपसभामुख वीनाकुमारी थापाले जानकारी दिइन् ।

विषयगत समितिमा दफावार छलफपछि पुनः प्रदेशसभामा बैठकमा छलफल भएपछि विधेयक पारितको प्रक्रिया अगाडि बढ्ने प्रदेशसभा सचिवालयले जानकारी दिएको छ । लागुऔषधसम्बन्धी संघीय ऐन र अन्य प्रचलित कानुनसँग नबाझिनेगरी गाँजाखेतीसम्बन्धी कानुन बनाउने तयारीमा प्रदेश सरकार छ ।

प्रदेशसभामा प्रस्तुत भइसकेको उक्त विधेयकमा गाँजाखेती र व्यवसायका लागि कडा प्रावधान राखिएको छ । प्रदेश सरकारले गाँजाखेतीसम्बन्धी नौ प्रकारका इजाजत दिनेगरी विधेयकको तयार पारेको हो । जसमा प्रतिव्यक्ति निवेदन दस्तुरको पाँच हजार रूपैयाँदेखि खरिद बिक्रीसँगै आयात-निर्यातका लागि एक करोड ५० लाख रूपैयाँसम्म तिरेर अनुमति लिनुपर्ने पाउने व्यवस्था गरिएको छ ।

गाँजाखेतीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट अनुमति लिनुपर्ने र सोको अन्तिम निर्णय गर्ने अधिकार मुख्यमन्त्रीमा रहनेगरी विधेयकमा प्रस्ताव गरिएको छ । अनुमतिविना गाँजाखेती, ओसारपसार र बिक्रीवितरणमा पूर्णप्रतिबन्ध लगाइएको छ । गाँजाजन्य पदार्थको विज्ञापन गर्न नपाइने तर रेशाबाट बनेका कपडा, तेलजस्ता औद्योगिक उत्पादनको भने विज्ञापन गर्न पाइने व्यवस्था विधेयकमा गरिएको छ । गाँजाखेती व्यवस्थापन र नियमनका लागि शक्तिशाली 'गाँजा नियमन बोर्ड' गठनको प्रस्ताव गरिएको छ ।

# मानव-वन्यजन्तु द्वन्द्व रोक्न वनमा पानीको प्रबन्ध

**त्रिवेणी (नवलपरासी)–** नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको नमूना मध्यवर्ती सामुदायिक वनमा सौर्य ऊर्जाबाट वन्यजन्तुका लागि पानीको व्यवस्था गरिएको छ । कावासोती नगरपालिका-१३ मा रहेको उक्त वनले वन्यजन्तुका लागि पानीको अभाव नहोस् भनेर सौर्य ऊर्जाबाट पानीको व्यवस्था गरेको हो ।

जंगली जनावरका लागि पानीको अभाव हुँदै गएपछि सामुदायिक वनभित्र सौर्य ऊर्जाबाट स्वचालित रूपमा पानी तान्ने व्यवस्था गरिएको नमूना मध्यवर्ती सामुदायिक वनका अध्यक्ष राजकुमार गुरुङले बताए । गर्मी याममा सिमसार सुक्ने र वन्यजन्तुका लागि पानीको अभाव हुने तथा कहिलेकाहीँ वन्यजन्तु बस्तीतर्फ प्रवेश गर्ने जोखिम रहेकाले वनभित्र नै सौर्य ऊर्जाबाट पानीको व्यवस्था गरिएको अध्यक्ष गुरुङले बताए ।

'गर्मीमा पानीको अभाव हुन नदिन वन क्षेत्रमा स्वचालित बोरिङ गाडिएको छ । यसबाट मानव र वन्यजन्तुबीचको द्वन्द्व घटाउन सहयोग पुग्ने छ । घाम लागुञ्जेल १४२ फिट गहिरो बोरिङले पानी फालिरहन्छ,' उनले भने ।

गत वर्ष बुद्धढाप घोलमा पानी सुकेपछि भाडामा जेनरेटर ल्याएर करिब ८० हजार रूपैयाँ खर्च गरेर पानीको व्यवस्था गरे पनि त्यसरी खर्चिलो र पानीको मात्रा नपुगेपछि यो वर्ष हिमालय नेचर संस्थाको सहयोगमा सौर्य ऊर्जाबाट पानीको व्यवस्था गरिएको अध्यक्ष गुरुङले बताए । आठ लाख रूपैयाँको लागतमा बोरिङको व्यवस्था गरिएको उनले बताए ।

नमूना मध्यवर्ती सामुदायिक वन जिल्लाका धेरै गैंडाको बासस्थान भएको वनका रूपमासमेत रहेको छ । वन क्षेत्रभित्र १७२ हेक्टर क्षेत्रफलको घाँसेमैदान निर्माण गरिएको छ । वनमा गैंडा, मृग, हरिण, बँदेल, बाघ, भालु पाइन्छन् । नमूनासँगै जोडिएका गुन्द्रही ढकाहा, कृष्णसार र शान्तिकुञ्ज सामुदायिक वनलाई एकीकृतरूपमा वन्यजन्तु अवलोकन क्षेत्रका रूपमा विकास गरिएको छ । *रासस*


**तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८२/०७/३०

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ एग्रो मेशिनरी कम्पनी लि.**को मिति २०८२ कार्तिक २७ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार तेश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ मंसिर २२ गते, (तदनुसार डिसेम्बर ०८, २०२५)
**समय :** दिनको २:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाडौं ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन गर्ने ।
५. अध्यक्ष र संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**
६. कम्पनीले उद्देश्य मिल्ने कम्पनीहरुलाई प्राप्ति (Acquire) गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।
७. कम्पनीको प्रबन्धपत्र र नियमावलिका प्रस्तावित बुँदाहरुमा संसोधन गर्ने तथा संसोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भएमा थपघट, परिमार्जन, संसोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**आज्ञाले,**
रामप्रसाद पोखरेल
अध्यक्ष

**मुक्तिनाथ एग्रो मेशिनरी कम्पनी लि.**
**MUKTINATH AGRO MACHINERY COMPANY LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"



**जनउद्धार सहकारी संस्था लि. बसन्तपुर झोर्छें काठमाण्डौको गैह्र बैंकिङ संपत्तिको बिक्री को लागी लिलाम बढाबढ सम्वन्धी १५ दिने सूचना**

यस संस्थाको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता भइ श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला किर्तिपुर नगरपालिका वडा नं २ को कित्ता नं ४३० सिट नं १०२११४२२१ क्षेत्रफल १०६.०६ ब.मि.जग्गा र सोमा बनेको २.५ तल्ले घर समेत जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गर्नु पर्ने हुँदा निम्न उल्लेखित शर्तको अधिनमा रही इच्छुक संघ संस्था फर्म वा ब्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थाबाट रु १०००/- मा बिक्री भएको बोलपत्र फारममा आफुले कबोल गरेको अंक भरी सोको ५% धरौटी रकम सहित सिलवन्दी बोलपत्र फारम दाखिला गर्नु हुन जानकारी गराइएको छ ।

**बोलपत्रको शर्तहरु**

१. (क) बोलपत्र दाता ब्यक्ति भय नेपाली नागरिकता प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ ।
(ख) संघ संस्था वा फर्मले लिन चाहेमा संस्था दर्ताको प्रमाण पत्र र स्थाई लेखा नम्बरको प्रमाणित प्रतिलिपीको साथै संचालक समितिको निर्णयको प्रतिलिपी पेश गर्नु पर्ने छ ।
२. (क) आफुले लिन चाहेको मुल्य खुलाई संस्थाबाट बिक्री भएको बोलपत्र भरी पेश गर्नु पर्ने छ ।
(ख) बोलपत्र कबोल गरी दाखिला गर्नु पर्ने छ ।
३. बोलपत्र साथ लिन चाहेको मुल्यको ५% रकम धरौटी स्वरुप नगदै यसै संस्थाको ग्लोवल आइ एम ई बैंक न्यूरोड शाखाको खाता नं ०५९०१०१००००२०६ वा राष्ट्रिय सहकारी बैंक लिको न्यूरोड शाखाको खाता नं ००००१७३९००००७१ मा जम्मा गरेको भौचर पेश गर्नु पर्ने छ ।
४. बोलपत्र फारमको बिक्री २०८२ साल कार्तिक ३० गते आइतबारबाट ऐ २०८२ साल मंसिर १४ गते आइतबार अपरान्ह १२:०० बजे सम्म रहने छ ।
५. बोलपत्र फारम २०८२ साल कार्तिक ३० गते आइतबारबाट २०८२ साल मंसिर १४ गते आइतवार अपरान्ह २:०० बजे भित्र दाखिला गरी सक्नु पर्ने छ ।
६. प्राप्त बोलपत्रहरु सूचना प्रकाशन भएको मितिले १६ औं दिन (२०८२ साल मंसिर १५ गते सोमवार वा सो दिन बिदा परे सोको भोली पल्ट दिनको १:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधी तथा संबन्धित निकायका प्रतिनिधीहरु र संस्थाका संचालकहरुको रोहवरमा संस्थाको बसन्तपुर झोर्छेंमा रहेको आफ्नो भवनमा बोलपत्र खोलिने छ । बोलपत्र दाता वा निजहरुको प्रतिनिधीको उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
७ बोलपत्र स्विकृती भएकै दिन बोल कबोल गरेको अंकको ५% हुने रकम स्विकृत बोलपत्र दाताले धरौटी स्वरुप संस्थामा नगद वा चेक दाखिला गर्नु पर्ने छ ।
८. स्विकृत बोलपत्र दाताले बोलपत्र स्विकृत भएको १५ दिन भित्र बाँकी सम्पुर्ण कबोल रकम दाखीला गरी सक्नु पर्ने छ । समय भित्रै बांकी रकम दाखीला नगरेमा धरौटी वापत जम्मा गरेको सबै रकम जफत गरी यस पछि बढी कबोल गर्ने लाई बिक्री गरीने छ । कबोल रकम दाखीला पश्चात दुबै पक्षका अनुकुल समयमा घर जग्गा स्वामीत्वको हक हस्तान्तरण गरीने छ ।
९. स्विकृत बोलपत्र अनुसार खरीद कर्ताले जग्गा नामसारी गरी लिदा नियमानुसार मालपोत कार्यालय र स्थानिय निकायमा लाग्ने राजस्व, लाभकर तथा अन्य खर्च खरीद कर्ताले नैं ब्यहोर्न पर्ने छ ।
१०. रित नपुगेको वा म्याद नाघी आएको बोलपत्रलाई लिलामी प्रकृयामा समावेस गरिने छैन ।
११. जुनसुकै परिस्थितिमा पनि उक्त घर जग्गा बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस संस्थामा निहीत रहने छ ।
१२. जुनसुकै कारणले बोलपत्र नपरेको ब्यक्ति वा संस्थाको धरौटी रकम बोलपत्र स्विकृत भएको मितिले ढिलोमा १५ दिन पछि परिचय खुल्ने प्रमाण पत्रको सक्कल प्रमाण र निबेदन लिई कार्यालयमा स्वयम उपस्थित भई आएमा फिर्ता दिइने छ ।
१३. बिक्री गरीने घरजग्गा बोलपत्र दाताले हेर्न चाहेमा संस्थाको कर्मचारीलाई निजी खर्चमा लगी हेर्न जान सकिने छ ।
१४. बोलपत्र साथ जग्गा धनि पुर्जा, फिल्ड नक्सा र घर नक्सा उपलब्ध गराउने छ ।
१५. स्विकृत बोलपत्रदाताले घर जग्गा नामसारी गरी मालपोतबाट लिंदा घर जग्गा हालको यथास्थितीमा स्विकार गरी लिनु पर्ने छ, त्यस पश्चात संस्थाको कुनै दायित्व रहने छैन ।

# प्रभाव दैनिक

आइतबार, ३० कात्तिक २०८२ (Sunday, 16 November 2025)





## चलचित्र 'धागो' नेपाल र भारतमा एकसाथ रिलिज

भारतको डुवर्स क्षेत्रमा छायांकन गरिएको नेपाली चलचित्र 'धागो' शुक्रबारदेखि नेपाल र भारतका फिल्म घरहरूमा एकसाथ रिलिज भएको छ । उदिप राणा थापाको निर्देशनमा बनेको यो चलचित्रले नेपाल-भारत सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपाली परिवारहरूको भावनात्मक जीवन, आर्थिक चुनौती र सामाजिक यथार्थलाई कथाको केन्द्रमा राखेर प्रस्तुत गरेको छ । चलचित्रमा परिवारभित्रको सम्बन्ध, आर्थिक अभावका कारण उत्पन्न हुने दैनिक समस्या, सामाजिक दबाब र विषम परिस्थितिकाबिच पनि अभिभावकले सन्तानका सपनाका लागि गर्ने निरन्तर प्रयासलाई मार्मिक रूपमा चित्रण गर्छ ।




# चौलागाईंको 'जन्मदिनलाई सत्कर्ममा जोडेर मनाऔं' गीत सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'जन्मदिनलाई सत्कर्ममा जोडेर मनाऔं' गीत सार्वजनिक भएको छ । गोविन्दप्रसाद चौलागाईंको को शब्द रहेको उक्त गीतमा गायिका रचना रिमाल र नविन कार्कीको रहेको छ । त्यस्तै उक्त गीतमा संगीत भने शक्ति बल्लभको रहेको रचनाकार चौलागाईंले जनाए ।

जन्मदिनलाई सकारात्मक कर्मसँग जोडेर मनाउन प्रेरित गर्ने उद्देश्य राखिएको गीत शुक्रबार औपचारिक रूपमा सार्वजनिक गरिएको चौलागाईंले बताए । गीत सार्वजनिकसँगै वातावरण संरक्षणसँग जोडिएको वृक्षारोपण पनि गरिएको थियो । मुख्यसचिव एकनारायण अर्यालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रम बबरमहलस्थित वन विभागको तालिम हलमा आयोजना गरिएको थियो ।

तराई विकास सञ्चार केन्द्र नेपालद्वारा आयोजित कार्यक्रममा विशेष गरेर हरेक व्यक्तिले जन्मदिनलाई उत्सवको रूपमा मनाउँदै वातावरणीय क्षेत्रमा विशेष योगदान दिएमा समाजमा सकारात्मक सन्देश जाने मात्र नभई वातावरण स्वच्छ हुने पनि विश्वास लिइएको थियो ।

गीतको 'जन्मदिनलाई सत्कर्ममा जोडेर मनाऔं ,अक्सिजन लिएर धर्तीमा आउने हामी, वृक्ष रोपेर मनायौं' भन्ने पंक्तिले वातावरण संरक्षण, हरियाली विस्तार र जिम्मेवारीपूर्ण जीवनशैली अपनाउन सबैलाई सन्देश दिने अपेक्षा आफूले लिएको रचनाकार एवं संस्थाका नेतृत्वकर्ता चौलागाईंले जनाए ।

३ वर्षअघि जन्मदिन पारेर चौलागाईंले यस अभियान रौतहटको चाँदीखोला सिन्दुरेघारीबाट सुरु गरिएको जनाए । कार्यक्रमसँगै 'जन्मदिनलाई सत्कर्ममा जोडौं अभियान' अन्तर्गत वृक्षारोपण कार्यक्रम पनि सञ्चालन गरिदै आएको संस्थाका नेतृत्वकर्ता चौलागाईंले बताए । उनले हालसम्म अभियानअन्तर्गत ११ हजार विरुवा रोपिएको जनाएका छन् ।

रौतहटमा यसै अभियानमार्फत 'शुभ जन्मोत्सव पार्क' समेत निर्माण गरिएको र अभियान २२ जिल्लासम्म विस्तार भइसकेको जनाएको छ । नागरिकका तर्फबाट निर्माण गरिएको उक्त 'शुभ जन्मोत्सव पार्क'ले अन्य स्थानमा पनि उदाहरणीय बनेको बताउँदै अन्य जिल्लाहरूमा पनि नागरिकहरूले बनाउने क्रममा रहेको पनि जनाइएको छ ।

कार्यक्रममा मुख्यसचिव अर्याल र सहसचिव केदारनाथ शर्मा तथा वन विभागका व्यक्तित्वहरूले वातावरण संरक्षण सबैको साझा दायित्व भएको बताउँदै अभियानले वातावरणीय सन्देश समाजभर फैलाउन ठूलो योगदान पुर्‍याएको उल्लेख गरेका छन् ।

सार्वजनीक भएको गीत र संस्थाको कार्यक्रमलाई शुभकामना दिँदै प्रमुख अतिथि मुख्यसचिव अर्यालले भने, 'जन्मदिनलाई केवल उत्सवको रूपमा होइन, प्रकृतिप्रति जिम्मेवारी जोड्ने अवसरका रूपमा लिनु आजको आवश्यकता हो ।' उनले यो अभियानलाई सरकारको तर्फबाट सहयोग र निरन्तरता दिने प्रतिबद्धता जनाए ।

त्यस्तै सहसचिव शर्माले वातावरणलाई सफा राख्न नागरिक सहभागिता नै मुख्य आधार हो, यस्तो अभियानले जनचेतना अभिवृद्धि गर्ने बताए । उनले भने, 'वातावरणलाई वन संरक्षणमा गर्ने प्रयास गरे गर्दा पनि विभिन्न चुनौतीको सामना परेको बेला यो अभियान महत्वपूर्ण रहेको छ । एक-एकवटा बिरुवा रोप्नु भनेको भविष्यका पुस्ताको सुरक्षामा लगानी गर्नु जस्तै हो ।' अभियान जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमको रूपमा रहेको शर्माको भनाई छ ।

# काठमाडौंमा हिट हिप–हप धमाका हुँदै

**काठमाडौं (प्रस)–** राजधानीको रात्रि जीवन र संगीतप्रेमीहरूका लागि क्लब नोभामा धमाकेदार हुने भएको छ । 'बिगेस्ट हिप-हप हुड कल्चर इभेन्ट' नामक वर्षकै सबैभन्दा प्रतिक्षित हिप-हप कार्यक्रम नोभेम्बर १९ मा ठमेलको क्लब नोभामा हुने भएको हो । यो कार्यक्रमले नेपाली हिप-हप समुदायमा नयाँ उर्जा थप्ने विश्वास लिइएको छ । स्टेजमा हुने लाइभ र्‍याप, ब्यान्ड, र बीटबक्स प्रदर्शनले क्लब नोभालाई पूर्णरूपमा हिप-हप माहोलमा परिणत गर्ने तयारी गरिएको छ ।




यो कार्यक्रम फन्कीकाउ, मल्ल ब्रदरहुड र कुल क्याची इन्टरटेन्मेन्टको संयुक्त आयोजनामा हुने भएको छ । कार्यक्रमले नेपाली हिप-हप संस्कृतिको वास्तविक ऊर्जा र सडकको मौलिक स्पिरिटलाई मञ्चमा उतार्ने आयोजकले विश्वास लिएको छ । कार्यक्रममा स्टार कलाकारहरूको विशेष प्रस्तुति रहने जनाइएको छ । नेपाली हिप-हप क्षेत्रका चर्चित कलाकारहरू जाम्से, जनम, क्रिजन, अयेग, याबी द गोट, उर्गेन, रिबोका दमदार प्रस्तुति रहनेछ ।

त्यसका साथै, आयोजकहरूले 'सरप्राइज' प्रस्तुतिका लागि दुई जना विशेष 'ब्यांगर' अथिति कलाकारहरू पनि सहभागी हुने जनाएको छ । उनीहरूको पहिचान कार्यक्रममा नै सरप्राइजका रूपमा सार्वजनिक गरिने आयोजकको भनाइ छ ।

कार्यक्रममा प्रवेशका लागि सीमितमात्र टिकट रहेको हुनाले हिपहपप्रेमीहरूले यथाशीघ्र खरिद गर्न आयोजकले आग्रह गरेको छ । कार्यक्रमा प्रवेश गर्न कम्तीमा १८ वर्ष पुगेको हुनुपर्ने जनाइएको छ । टिकटहरू क्यूआर कोडमार्फत वा आधिकारिक टिकट पोर्टल इसेवाबाट खरिद गर्न सकिने जनाइएको छ । हिप-हप प्रेमीहरूप्रति नोभेम्बर १९ मा हुने यो कार्यक्रम नेपाली हिप-हप संस्कृतिको सबैभन्दा ठुलो उत्सव बन्ने अपेक्षा गरिएको छ ।

# नागोयामा गुञ्जियो नेपथ्य

**नागोया (प्रस)–** गायक अमृत गुरुङले 'हो रामा रामा' गीत गाउन सुरु गर्नासाथ दर्शक उत्साहित भएर चिच्याउन थालिहाले । त्यही बेला उनीहरूका हातमा चम्किरहेका रङ्गीविरङ्गी बत्तीले सिङ्गो माहौललाई झिलिमिली बनायो । यो क्रम दुई घण्टा लामो कन्सर्टभर निरन्तर रह्यो ।

एक साताअघि मात्रै पोखराको रङ्गशालामा १० हजार हाराहारी दर्शकमाझ प्रस्तुत भएर जापान यात्रामा निस्केको नेपथ्यले नागोयामा दर्शकबाट न्यानो र भव्य स्वागत पाएको छ । छेउछाउको ओसाकामा पहिले पनि प्रस्तुति दिइसकेको नेपथ्यले नागोयामा पहिलो पटक कन्सर्ट गरेको हो ।



जापानकै सबैभन्दा ठूलो बन्दरगाह अटाएको यस औद्योगिक सहरमा मुलुककै चौथो ठूलो जनसंख्या छ । यो सहर आगामी वर्ष बिसौं एसियाली खेलकुद आयोजना गर्ने हतारोमा पनि जुटेको छ । त्यसैले अवसरको खोजीमा पुगेका नेपालीको बसोबास यहाँ उल्लेख्य संख्यामा छ ।

जापानका प्रमुख सहरहरूसँग तीव्र गतिका बुलेट ट्रेनले जोडिएको नगर पनि हो नागोया । त्यही बुलेट ट्रेनमा डेढ घण्टा लामो यात्रा गरेर नेपथ्य हेर्नकै लागि सिजोउकादेखि आएकी थिइन् मन्जिता राई ।

'साथीहरूले सँगै हेरौं भनेपछि म जीवनमै पहिलोपटक कन्सर्टको अनुभव लिन यहाँ आइपुगेकी हुँ,' १० वर्षअघि इलामबाट जापान आएकी उनी भन्दै थिइन्, 'साथीहरूको बखान सुनेर मैले जे जस्तो कल्पना गरेकी थिएँ, कन्सर्टलाई त्योभन्दा धेरै गुणा राम्रो पाएँ । एकदमै आनन्द आयो ।'

५० भन्दा बढी नेपाली रेस्टुरेन्ट भएको नागोयामा बर्सेनि नेपाल फेस्टिभल आयोजना हुने गरेको छ । पछिल्लो समय क्रिकेटले लोकप्रियता पाइरहँदा स्थानीय स्तरमा हुने प्रतियोगिताहरूमा यहाँका नेपाली टोलीले पनि सहभागिता जनाउने गरेका छन् ।

## रंगशाला

एभरेस्ट महिला भलिबल

# कर्णाली दोस्रोपटक च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** कप्तान सुमित्रा रेग्मी प्रतियोगिताकै उत्कृष्ट खेलाडी बन्दै कर्णाली याश्विस लगातार दोस्रो पटक एभरेस्ट महिला भलिबल लिग (इडब्लुभिएल) को च्याम्पियन बनेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा शनिबार सम्पन्न रोमाञ्चक फाइनलमा कर्णालीले ललितपुर क्विन्सविरुद्ध ३-२ सेटको जित निकाल्यो ।

पहिलो संस्करणको फाइनलमा पनि यी दुई टोलीले नै प्रतिस्पर्धा गरेका थिए ।

सुरुआती दुई सेट २६-२४, २५-१७ ले आफ्नो पक्षमा पारेको कर्णालीले त्यसपछिका दुई सेट १३-२५, १७-२५ ले गुमायो । पाँचौं तथा निर्णायक सेटमा १५-८ ले विजयी हुँदै कर्णाली उपाधि रक्षा गर्न सफल भयो ।

फाइनल खेलकी प्लेयर अफ द म्यान कर्णालीकी जसना महतो भएकी थिइन् ।

प्रतियोगिताको उत्कृष्ट खेलाडी कर्णालीकी कप्तान सुमित्रा रेग्मी घोषित भइन् । उनले ट्रफीसहित ५० हजार रूपैयाँ पुरस्कारस्वरूप पाइन् ।

त्यस्तै उत्कृष्ट ब्लकरमा ललितपुर क्विन्सकी संगम महतो भएकी थिइन् भने बेस्ट सेटर लुम्बिनी लाभाज्की कप्तान अरुणा शाही घोषित भएकी थिइन् । त्यस्तै उत्कृष्ट स्पाइकर काठमाडौंकी उषा भण्डारी छानिएकी थिइन् भने उत्कृष्ट लिबेरोको पुरस्कार ललितपुर क्विन्सकी कप्तान सलिना श्रेष्ठले हात पारेकी थिइन् । त्यस्तै उत्कृष्ट सर्भरको पुरस्कार साफिया पुनले हात पारेकी थिइन् । प्रत्येक विधाका विजेताहरूलाई नगद २५ हजार रूपैयाँ र ट्रफी प्रदान गरिएको थियो ।

प्रतियोगिताको उपविजेता बनेको ललितपुर क्विन्सले पुरस्कारबापत ५ लाख नगद पुरस्कार प्राप्त गरेको थियो भने लगातार दोस्रो पटक विजेता बनेको कर्णालीले १० लाख रूपैयाँ र ट्रफी प्राप्त गरेको थियो ।

# एनपिएलको तयारी पूरा

■ प्रभाव संवाददाता

**काठमाडौं–** दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को सम्पूर्ण तयारी पूरा भएको नेपाल क्रिकेट सङ्घ (क्यान)ले जनाएको छ ।

सोमबारदेखि मङ्सिर २७ गतेसम्म हुने उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको क्यानका महासचिव पारस खड्काले शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । प्रतियोगिताका विजेता टोलीलाई पुरस्कारस्वरूप रु एक करोड १० लाख प्रदान गरिनेछ । यसअघि जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको थियो ।

त्यसैगरी, प्रतियोगिताको उपविजेता



टोलीले भने रु ५१ लाख प्राप्त गर्नेछ भने तेस्रो स्थान हासिल गर्नेले रु २५ लाख तथा चौथो हुनेले रु १५ लाख प्राप्त गर्नेछ ।

एनपिएलमा विभिन्न आठ फ्रेञ्चाइज टोली सहभागी हुनेछन् । उद्घाटन खेल जनकपुर बोल्ट्स र काठमाडौं गोर्खाजबीच हुनेछ ।

दृष्टिबिहीन महिला टी-२० विश्वकप

# नेपालद्वारा अस्ट्रेलिया पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतमा जारी पहिलो दृष्टिविहीन महिला टी-ट्वान्टी विश्वकपमा नेपालले दोस्रो जित हात पारेको छ ।

शनिबार सम्पन्न खेलमा नेपालले अस्ट्रेलियालाई आठ विकेटले पराजित गर्‍यो । यसअघि श्रीलंकालाई हराएको नेपालले भारतसँग पारजय बेहोरेको थियो ।

अस्ट्रेलियाको भने यो लगातार दोस्रो हार हो । यसअघि अस्ट्रेलियालाई भारतले हराएको थियो ।

जितसँगै तीन खेलमा दुई जितसहित चार अंक जोडेको नेपाल दोस्रो स्थानमा उक्लिएको छ । अस्ट्रेलिया पाँचौं स्थानमा छ ।

अस्ट्रेलियाले प्रस्तुत गरेको १३७ रनको लक्ष्य नेपालले १४.५ ओभरमा दुई विकेट गुमाउँदै पूरा गर्‍यो ।

नेपालका लागि विनिता सोमाईले ३७ बलमा पाँच चौकासहित अविजित ५६ रनको योगदान गरिन् । यसैगरी मनकेशी चौधरीले अविजित ४३, र सुस्मा तामाङले २२ रन बनाए । अस्ट्रेलियाका लागि कोर्टनी लुइसले एक विकेट लिएन् ।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको अस्ट्रेलियाले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १३६ रनको योगफल तयार पारेको थियो । अस्ट्रेलियाका लागि कोर्टनी लुइसले ३१, जेनिफर पेरीले ३० र अमेलिया हर्टले २१ रन बनाए ।

नेपालका लागि सुनिता भुजेलले एक विकेट हात पारिन् भने अस्ट्रेलियाका पाँच खेलाडी रन आउट भएका थिए ।



अहमदिया समुदायलाई इस्लामबाट निष्कासनको माग गर्दै शनिबार बंगलादेशको ढाकामा अति दक्षिणपन्थी इस्लामवादीहरूले आयोजना गरेको र्‍यालीमा सहभागी मुस्लिमहरू । *तस्बिरः एएफपी*

# अमेरिका–स्विट्जरल्याण्ड व्यापार सम्बन्ध सुदृढ, शुल्क दर घटाइयो



**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाले स्विट्जरल्याण्ड (स्विस) आयातमा लाग्ने ३९ प्रतिशत शुल्क घटाएर १५ प्रतिशत पुर्‍याउने सहमति जनाएको छ । उक्त निर्णय शुक्रबार जारी गरिएको ह्वाइट हाउसको वक्तव्यमा उल्लेख गरिएको हो ।

महिनौंको वार्तापछि संयुक्त राज्य अमेरिका, स्विट्जरल्याण्ड र लिकटेन्स्टाइनबीच एक प्रारम्भिक व्यापारिक ढाँचा (फ्रेमवर्क) सम्झौता भएको ह्वाइट हाउसले जानकारी दिएको छ । सम्झौताअनुसार स्विट्जरल्याण्ड तथा लिकटेन्स्टाइनका कम्पनीहरूले संयुक्त राज्य अमेरिकामा करिब २०० अर्ब अमेरिकी डलरबराबरको लगानी गर्ने छन्, जसमध्ये ६७ अर्ब डलर २०२६ भित्र लगानी गरिने छ । यो लगानी फार्मास्युटिकल, मेसिनरी, मेडिकल डिभाइस, निर्माण, उन्नत उत्पादन, सुन उत्पादन तथा ऊर्जा पूर्वाधारलगायतका विभिन्न क्षेत्रमा गरिने छ, जसले सबै ५० अमेरिकी राज्यमा हजारौं रोजगारी सिर्जना गर्ने ह्वाइट हाउसले जनाएको छ ।

देशहरूले यो व्यापार सम्झौताको अन्तिम रूप सन् २०२६ को सुरुतिर सम्पन्न गर्ने लक्ष्य राखेका छन् । १५ प्रतिशत शुल्क दर लागू भएपछि स्विस आयातलाई 'युरोपियन युनियनले पाएको जस्तै समान व्यवहार' मिल्ने ह्वाइट हाउसले जारी गरेको तथ्यपत्रमा उल्लेख छ ।

स्विट्जरल्याण्ड अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत अगस्टमा ३९ प्रतिशत शुल्क लगाएको निर्णयपछि ठूलो प्रभावमा परेको थियो । यो दर उक्त वर्षको अप्रिलमा उनले धम्की दिएको ३१ प्रतिशतभन्दा पनि उच्च थियो ।

स्विस भन्सार डेटाअनुसार संयुक्त राज्य अमेरिका सन् २०२१ देखि स्विट्जरल्याण्डको सबैभन्दा ठूलो निर्यात बजार रहँदै आएको छ, जसले २०२४ मा स्विस कूल निर्यातको १८.६ प्रतिशत हिस्सा समेटेको थियो । गत वर्ष रसायन तथा औषधि, घडी उद्योगजस्ता स्विसका प्रमुख उद्योगका लागि अमेरिका सबैभन्दा ठूलो बजार थियो । *रासस/सिन्ह्वा*

# युक्रेनलाई थप सहयोग प्रदान गर्ने जर्मनीको घोषणा



**जर्मनी–** जर्मनीले युक्रेनलाई आवश्यक सामग्री र हतियारका लागि १५० करोड युरो थप सहयोग गर्ने योजना बनाएको रक्षामन्त्री बोरिस पिस्टोरियसले बताएका छन् ।

मन्त्री पिस्टोरियसले यो घोषणा अन्य युरोपेली रक्षा मन्त्रीहरूसँग संयुक्त पत्रकार सम्मेलनमा गरेका थिए । यसअघि जर्मनीले युक्रेनलाई ५०० मिलियन अमेरिकी डलर बराबरको सहयोग गरिसकेको छ ।

बर्लिनले युक्रेनको दीर्घकालीन समर्थनमा प्रतिबद्धता व्यक्त गर्दै, सन् २०२६ मा ११ अर्ब ५० करोड युरोभन्दा बढी सहयोग प्रदान गर्ने योजना रहेको जनाएको छ । जर्मनीको संघीय विदेश कार्यालयका अनुसार, यसअघि करिब ४० अर्ब युरो सैन्य सहायता उपलब्ध गराइसकेको छ ।

गुरुवार जर्मनीका प्रधानमन्त्री फ्रिडरिक मर्जले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग फोनमार्फत संवेदनशील विषयमा विचार विमर्श गरेका थिए । वार्तामा युक्रेनलाई निरन्तर सहयोग सुनिश्चित गर्नुका साथै भ्रष्टाचार र कानुनी सुधारमा प्रगति गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

त्यसैगरी युवा युक्रेनी नागरिकहरूले देश छोडेर अन्य देशतर्फ जाने बढ्दो समस्याबारे पनि दुई नेताबीच छलफल भएको छ । *रासस/सिन्ह्वा*

# थाइल्याण्डमा अन्तर्राष्ट्रिय तस्करी नेटवर्कका दुई सदस्य गिरफ्तार

**बैंकक–** थाइल्याण्डका रेञ्जरहरूले अन्तर्राष्ट्रिय वन्यजन्तु तस्करीसँग सम्बन्धित शंका लागेका दुईजनालाई पक्राउ गरेका छन् । उनीहरूलाई कम्बोडियासिमाना नजिक गाडीमा ८१ ' म्याकाक' बाँदर राखेको अवस्थामा नियन्त्रणमा लिइएको सैन्य स्रोतले शनिबार जनाएको छ ।

'म्याकाक' एक प्रकारको बाँदर हो, जुन मुख्यतः एसिया, उत्तर अफ्रिका र युरोपका केही भागहरूमा पाइन्छ । म्याकाक बाँदरहरूको प्रजाति धेरै विविध छ र यिनीहरूको आकार, रङ र जीवनशैलीमा विभिन्नता पाइन्छ ।

थाइल्याण्ड वन्यजन्तु तस्करीको प्रमुख मार्गको रूपमा परिचित छ, जहाँ दुर्लभ जनावरहरू चीन, ताइवान र दक्षिणपूर्वी एसियामा कालोबजारमा महँगो मूल्यमा बेचिन्छन् । शुक्रबार दिउँसो साराकेओ प्रान्तको अरान्याप्रथेत जिल्लामा गाडीलाई रोकेर जाँच गर्दा सैनिकहरूले बाँदरहरू नीलो जालोमा थुप्रिएको अवस्थामा फेला पारे ।

१२औं रेञ्जर फोर्स रेजिमेन्टले फेसबुकमा जारी गरेको वक्तव्यअनुसार, '३ः२० बजे दुई जनालाई पक्राउ गरी गाडीको निरीक्षण गरियो ।' सैनिकहरूले 'मेथाम्फेटामिन'का गोली र ' क्रिस्टल मेथ' पनि बरामद गरेका छन्, यद्यपि बरामद पदार्थको मात्रा खुलाइएको छैन ।

सोधपुछको क्रममा पक्राउ परेकाहरूले थाइल्याण्डबाट कम्बोडियातर्फ म्याकाक बाँदर तस्करी गर्ने अन्तर्राष्ट्रिय नेटवर्कमा संलग्न रहेको स्वीकार गरेका छन् । सैनिकहरू प्रहरीसँग मिलेर उनीहरूविरुद्ध वन्यजन्तु संरक्षण र लागुऔषध कानुनअन्तर्गत कारबाही अघि बढाइरहेका छन् ।

गत वर्ष थाइल्याण्डमा लगभग एक हजार दुर्लभ लेमुर र कछुवालाई म्याडागास्कर फिर्ता पठाएको थियो, जुन दुई देशबीचको सबैभन्दा ठूलो वन्यजन्तु तस्करीविरुद्धको अभियान थियो । यसै वर्ष मे महिनामा थाइल्याण्ड प्रहरीले दुई ओरेंगुटान बच्चा तस्करी गर्ने शंकास्पद व्यक्तिलाई पनि पक्राउ गरेको थियो । *रासस/एएफपी*

# भारतको काश्मिरमा प्रहरी चौकीभित्र विष्फोट, नौ जनाको मृत्यु, ३१ घाइते



**नयाँ दिल्ली–** भारतको काश्मिरमा रहेको श्रीनगरको नवगाम प्रहरी चौकीभित्र शुक्रबार राति भएको भीषण विष्फोटमा कम्तीमा नौ जनाको मृत्यु र करिब ३१ जना घाइते भएका छन् । विष्फोटपछि प्रहरी चौकी र परिसरभित्र रहेका सवारीसाधनमा आगलागी भई ठूलो क्षति पुगेको छ ।

स्थानीय मिडियाका अनुसार दिल्लीमा हालै भएको कार बम विष्फोटसम्बन्धी अनुसन्धानका क्रममा फरीदाबादबाट ल्याइएका विष्फोटक सामग्री जाँच गर्ने क्रममा दुर्घटना भएको बताइए पनि प्रहरीले आधिकारिक बयान दिएको छैन ।

मृतकमध्ये अधिकांश प्रहरी तथा फरेन्सिक टोलीका सदस्य रहेको जनाइएको छ । घटनापछि ठूलो संख्यामा दमकल र एम्बुलेन्स परिचालित गरी घाइतेहरूलाई नजिकका अस्पताल लगिएको बताइएको छ ।

यसअघि दिल्लीको लालकिल्ला नजिकै सोमबार भएको कार विष्फोटमा आठ जनाको मृत्यु भएकोमा पछिल्ला रिपोर्टले मृतक संख्या १३ पुगेको उल्लेख गरेका छन् । *रासस/सिन्ह्वा*

# सुरक्षा परिषद्ले सोमबार गाजा युद्धविराम प्रस्तावमा मतदान गर्ने



**संयुक्त राष्ट्र, अमेरिका–** संयुक्त राष्ट्र सुरक्षा परिषद्ले सोमबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको गाजा शान्ति योजनालाई समर्थन गर्ने प्रस्तावमा मतदान गर्ने घोषणा गरेको छ ।

गत हप्ता, अमेरिकाले सुरक्षा परिषद्का १५ सदस्य राष्ट्रसँग गाजा युद्धविरामलाई अघि बढाउने र ट्रम्पको शान्ति योजनाको समर्थन गर्ने उद्देश्यले वार्ता सुरु गरेको थियो । प्रस्तावको प्रारूपमा गाजा क्षेत्रका लागि 'शान्ति बोर्ड' स्थापना गर्ने कुरा उल्लेख गरिएको छ, जुन ट्रम्पको नेतृत्वमा सञ्चालन हुने सम्भावना छ, र यसको कार्यकाल सन् २०२७ सम्म रहने छ ।

यस प्रस्तावले सदस्य राष्ट्रहरूलाई 'अस्थायी अन्तर्राष्ट्रिय स्थिरीकरण फोर्स' (आइएसएफ) गठन गर्ने अनुमति दिन्छ, जसले इजरायल, इजिप्ट र नयाँ तालिम प्राप्त प्यालेस्टिनी प्रहरीसँग मिलेर गाजा क्षेत्रको सीमा सुरक्षा र निशस्त्रीकरणमा सहयोग गर्ने छ ।

नयाँ प्रस्तावमा, गाजा क्षेत्रको भविष्यमा एक प्यालेस्टिनी राज्यको सम्भावनालाई पनि विचार गरिएको छ, जुन अघिल्ला प्रस्तावहरूमा थिएन । संयुक्त राज्य अमेरिका र केही अरब राष्ट्रहरूले शुक्रबार संयुक्त वक्तव्य जारी गर्दै सुरक्षा परिषद्लाई छिटो प्रस्ताव पारित गर्न आग्रह गरेका छन् ।

'संयुक्त राज्य अमेरिका, कतार, इजिप्ट, संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया, इण्डोनेसिया, पाकिस्तान, जोर्डन र टर्की सुरक्षा परिषद्को प्रस्तावलाई शीघ्र पारित गर्न हाम्रो संयुक्त समर्थन व्यक्त गर्छौं,' उनीहरूले भनेका छन् ।

यसैबीच रूसले सुरक्षा परिषद्का सदस्य राष्ट्रहरूलाई प्रतिस्पर्धी प्रस्ताव प्रस्तुत गरेको छ, जसमा शान्ति बोर्डको गठन र गाजा क्षेत्रका लागि अन्तर्राष्ट्रिय फोर्सको तुरुन्त परिचालनको अनुमतिको कुरा गरिएको छैन । रूसको प्रस्तावले केवल युद्धविरामको पहललाई स्वागत गरेको छ, तर ट्रम्पको नाम उल्लेख गरेको छैन ।

संयुक्त राज्य अमेरिकाले गाजा क्षेत्रको युद्धविरामलाई 'संवेदनशील' र 'संकटपूर्ण' भन्दै, प्रस्ताव पारित नगरेमा क्षेत्र पुनः संघर्षमा फस्ने चेतावनी दिएको छ । अमेरिकी राजदूत माइक वाल्ट्जले लेखे, 'यस प्रस्तावको अस्वीकृति भनेको हमासको निरन्तर शासनको समर्थन गर्नु हो, जसले क्षेत्रलाई अनन्त संघर्षमा धकेल्ने छ ।'

तर, कूटनीतिक स्रोतहरूले सुरक्षा परिषद्का सदस्यहरूले अमेरिकी प्रस्तावका केही बुँदामा प्रश्न उठाएका जनाएको छ । रूसी मिसनले यसको प्रस्तावले 'इजरायल र प्यालेस्टिनी सुल्झावका लागि दुई-राज्य समाधानको सिद्धान्त' स्वीकार गरेको जनाएको छ, जुन अमेरिकी प्रस्तावमा समेटिएको थिएन । *रासस/एएफपी*

# कोलम्बियामा सैन्य कारबाही तीव्र, नौ विद्रोही मारिए

**बोगोटा–** कोलम्बियाली सैनिकले भेनेजुएला सीमावर्ती एराउका प्रान्तमा गरेको बमबारीमा नौ जना विद्रोही लडाकु मारिएको कोलम्बियाको रक्षा मन्त्रालयले शुक्रबार जानकारी दिएको छ ।

उक्त कारबाही राष्ट्रपति गुस्ताभो पेट्रोको निर्देशनअनुसार भएको हो, जसले कोकेन तस्करीमा संलग्न विद्रोहीहरूसँगको संघर्षलाई तीव्र बनाउने प्रयास गरिरहेका छन् । राष्ट्रपति पेट्रोमाथि यसअघि विद्रोहीहरूसँग पर्याप्त कदम नचालेको आरोप लागेको थियो ।

स्थानीय सञ्चारमाध्यमले जनाएका अनुसार यस हमलामा उच्चस्तरीय विद्रोही कमाण्डर एन्तोनियो मेडिनालाई मारिएको छ कि भन्ने विषयमा अनुसन्धान भइरहेको छ । मेडिना पूर्व-फार्क लडाकु र नेसनल लिबरेसन आर्मी (इएलएन) समूहबीचको रक्तरञ्जित युद्धमा मुख्य भूमिकामा रहेका थिए । यस हप्ताको सुरुमा कोलम्बियाली सैनिकले अमेजन क्षेत्रमा रहेका एक पूर्व-फार्क उपसमूहमाथि हवाई हमला गर्दै १९ जना लडाकुको हत्या गरेका थिए । राष्ट्रपतिले विद्रोहीहरूसँगको युद्धलाई तीव्र बनाउने निर्देशन दिएका छन्, तर उनको प्रशासनलाई अमेरिकाबाट आलोचना पनि प्राप्त भएको छ । अक्टोबरमा अमेरिकाले पेट्रो, उनका श्रीमती, छोरा र एक उच्च अधिकारीमाथि ऐतिहासिक प्रतिबन्ध लगाएको थियो ।

उनीहरूलाई मादक पदार्थ तस्करीमा सहकार्य गरेको आरोप लागेको थियो, यद्यपि अमेरिकाले प्रत्यक्ष प्रमाण प्रस्तुत गरेको छैन । पेट्रोले सन् २०२२ मा सत्ता सम्हालेपछि सशस्त्र कोकेन उत्पादक समूहहरूसँग वार्ता गर्न प्राथमिकता दिएका थिए । पेट्रो पुनः राष्ट्रपति बन्न नसक्ने भएकाले आगामी चुनावमा यस आलोचनाले उनका राजनीतिक सहयोगीहरूलाई असर पुर्‍याउने सम्भावना छ । *रासस/एएफपी*

# भारी वर्षापछि गाजामा विस्थापित परिवार प्रभावित



**संयुक्त राष्ट्र–** गाजामा शुक्रबार परेको भारी वर्षापछि हजारौं विस्थापित परिवार प्रभावित भएका छन् । यस सन्दर्भमा संयुक्त राष्ट्रको मानवीय सहायता समन्वय कार्यालयले राहत कार्यका लागि छिटो प्रतिक्रिया टोली परिचालित गरेको जनाएको छ ।

वर्षाले परिवारका व्यक्तिगत सामग्रीहरूमा क्षति पुर्‍याएको र धेरैलाई खुला आकाशमा जाडो मौसमसँग जुध्नुपरेको छ । यसले वृद्ध, अशक्त र अन्य संवेदनशील समूहमा स्वास्थ्य र सुरक्षासम्बन्धी चिन्ता बढाएको छ ।

राहत कार्यमा संलग्न संस्थाहरूले बाढी नियन्त्रणका उपकरणहरू उपलब्ध नभएको जनाएको छ । पानी निकाल्ने, फोहोर र भग्नावशेष हटाउने साधन नहुँदा राहत कार्यमा समस्या परेको छ । लाखौं आवश्यक सामग्रीहरू अन्य देशमा रोकिएका छन् र गाजामा ल्याउन अनुमति पर्खिनुपर्ने स्थिति छ ।

युद्धविरामपछि आवश्यक राहत ल्याउन धेरै प्रयास अस्वीकृत भएका छन् । राहत साझेदारहरूले डेर अल-बालाह र खान युनिसमा हजारौं टेण्ट, कम्बल, टारपोलिन र जाडो कपडा वितरण गरेका छन् । हालको अवस्थाले मानिसहरूलाई विष्फोटक पदार्थसँग जोखिममा पार्दै छ । बालबालिका सबैभन्दा बढी संवेदनशील छन् । केहीले इन्धन संकलन गर्दा चोटपटक पाएका छन् भने केहीले सुरक्षित स्थान नपाई जोखिमपूर्ण ठाउँमा टेण्ट राख्न बाध्य भएका छन् । खनिज विष्फोटक पदार्थमा काम गर्ने टोलीहरूले आवश्यक उपकरण र साधन पाएपछि थप राहत कार्य गर्न सकिने बताइएको छ । *रासस/सिन्ह्वा*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – २४९७०० | प्रति तोला – ० | प्रति तोला – ३२८५ |



**सुन्दर हिमश्रृंखला** | नगरकोटबाट शनिबार देखिएको हिमश्रृंखलाको दृश्य । भक्तपुरको चाँगुनारायण नगरपालिकाले नगरकोट क्षेत्रको संस्कृति, प्रकृति र इतिहासलाई प्रचारप्रसार गर्ने उद्देश्यले आयोजना गरेको नगरकोट भ्रमण वर्ष–०८२ मा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको छ । *तस्बिर : रमेश गिरी/रासस*

# तीन अर्ब बराबरका दुई बचतपत्रको बिक्री खुला

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारी ऋण उठाउन सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले दुई वटा बचतपत्रको बिक्री खुला गरेको छ । कार्यालयले रु दुई अर्ब ५० करोड बराबरको 'नागरिक बचतपत्र-२०८७' र रु ५० करोड बराबरको 'वैदेशिक रोजगार बचतपत्र-२०८७' निष्कासन गर्न लागेको हो ।

पाँच वर्ष अवधिका यी दुवै बचतपत्र खरिदका लागि आगामी मङ्सिर २५ गतेसम्म आवेदन दिन सकिनेछ भने मङ्सिर २८ गते निष्कासन हुनेछ । नागरिक बचतपत्रमा छ दशमलव पाँच प्रतिशत र वैदेशिक रोजगार बचतपत्रमा सात दशमलव पाँच प्रतिशत वार्षिक ब्याजदर उपलब्ध हुनेछ ।




▸▸ बचतपत्रको ब्याज हरेक छ/छ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा भुक्तानी हुनेछ भने घटीमा रु १० हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु १० हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा खरिद गर्न पाइनेछ ।

बचतपत्रको ब्याज हरेक छ/छ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा भुक्तानी हुनेछ भने घटीमा रु १० हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु १० हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा खरिद गर्न पाइनेछ ।

नागरिक बचतपत्र नेपाली नागरिक र गैरआवासीय नेपाली नागरिकले खरिद गर्न सक्नेछन् । त्यस्तै, वैदेशिक रोजगार बचतपत्र मुलुकबाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको छ महिना पुगेका नेपाली नागरिक, गैरआवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्यको नाममासमेत गरिन गर्न सक्नेछन् । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सञ्चालन गर्ने डोम्स (डिओएमएस) प्रणाली र इन्भेस्टर पोर्टलमार्फत बचतपत्र खरिदका लागि आवेदन दिन सकिनेछ ।

अघिल्ला वर्षमा नागरिक बचतपत्र शतप्रतिशत बिक्री हुँदा वैदेशिक रोजगार बचतपत्रमा भने लगानीकर्ताको न्यून चासो देखिने गरेको छ । लगानीकर्तालाई बचतपत्रबारे पर्याप्त जानकारी नहुँदा विगतका वर्षमा निष्कासन गरिएको रकमभन्दा कम मात्रै खरिद हुने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उपसचिव प्रकाश पुडासैनीले बताए ।

'बचतपत्र के हो ? किन लगानी गर्ने ? कसरी लगानी गर्ने ? जस्ता विषयमा धेरैलाई जानकारी छैन । पछिल्ला वर्षमा खरिद गर्नेहरूको संख्या बढ्दै गए पनि अझै धेरैले जानकारी पाएका छैनन्', उनले भने ।

नागरिक बचतपत्रका लागि पछिल्लो चार दिनमा मात्र रु ८० करोड बराबरको आवेदन परिसकेको पुडासैनीले जानकारी दिए । यसवर्ष तोकिएको समय अघि नै खरिद भइसक्ने अनुमान गरिएको उनको भनाइ छ । उनका अनुसार पहिलो आवेदन दिनेले पहिले खरिद गर्न पाउने यी बचतपत्र 'स्टक'का रूपमा जारी हुनेछन् ।

यस्ता बचतपत्रको ब्याजदर बैंकको मुद्दती निक्षेपभन्दा आकर्षक रहेका जनाउँदै पुडासैनीले यसको महत्व र फाइदाबारे अधिकांश नागरिकलाई जानकारी नभएको बताए । 'लगानीका लागि धेरैले घरजग्गा, सुनचाँदी, पुँजीबजार र मुद्दती निक्षेपजस्ता क्षेत्रलाई प्राथमिकता दिने गरेका छन् । लगानीका यी विकल्पभन्दा सहज, सुरक्षित र आकर्षक प्रतिफल मानिने सरकारी उपकरण बचतपत्र हो', उनले भने ।

उपसचिव पुडासैनीका अनुसार बचतपत्र पूर्ण रूपमा सुरक्षित लगानी हो । यसमा सरकारले मूलधनको सुनिश्चित गरेको हुन्छ । साथै, बचतपत्रको ब्याज रकम हरेक छ महिनामा खरिदकर्ताको बैंक खातामा सिधैं जम्मा हुन्छ । यसलाई धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन सकिने पुडासैनीले उल्लेख गरे ।

'दोस्रो बजारमा सहजै कारोबार हुने तथा बचतपत्र धारकले जुनसुकै बेला वा बेच्न चाहेको बेला बैंक तथा वित्तीय संस्थाले किन्नुपर्ने बाध्यात्मक व्यवस्था छ । सोहीकारण बचतपत्रलाई तत्काल तरलतामा रूपान्तरण गर्न सकिन्छ । अर्थात् आफूले खरिद गरेको बचतपत्र चाहेको समयमा तत्कालै बेच्न सकिन्छ', उनले भने ।

# महासंघ 'ट्रबलसुटर' को भूमिकामा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले उद्यमी, व्यवसायी र अर्थतन्त्रका समस्या समाधानमा महासंघले 'ट्रबलसुटर' को काम गरिरहेको बताएका छन् । नेपाल विद्युतीय व्यवसायी महासंघको १६औं वार्षिक साधारणसभा एवं छैटौं महाधिवेशनको उद्घाटन गर्दै ढकालले उद्यमी, व्यवसायी तथा अर्थतन्त्रका हरेक समस्याको समाधानको लागि महासंघ निरन्तर लागिपरेको बताए ।

'महासंघले उद्यमी-व्यवसायीका समस्या समाधानका लागि प्रयत्न गर्दै आएको छ, श्रम समस्या होस् वा डेडिकेटेड ट्रंकलाइन विवादको विषय । लगानीको वातावरण निर्माणका लागि कानुन परिवर्तन, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठनलगायत उद्यमी-व्यवसायीका समस्या समाधानका लागि राज्यका जिम्मेवार पदाधिकारीसँग वार्ता गरी समाधानको प्रयत्न गरेका छौं', उनले भने ।



▸▸ लगानीको वातावरण निर्माणका लागि कानुन परिवर्तन, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठनलगायत उद्यमी-व्यवसायीका समस्या समाधानका लागि राज्यका जिम्मेवार पदाधिकारीसँग वार्ता गरी समाधानको प्रयत्न गरेका छौं ।

उनले त्यसका लागि महासंघको नेतृत्वमा अन्य निजी क्षेत्रसँग आबद्ध संघसंस्थाहरू र त्यसका सदस्यहरूको सहभागितामा रु १० अर्ब पुँजीको नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड कम्पनीको स्थापना गरिएको जानकारी दिए ।

# विकट क्षेत्रमा धमाधम दूरसञ्चार सेवा विस्तार

**काठमाडौं–** नेपाल टेलिकमले ग्रामीण क्षेत्रहरूमा धमाधम दूरसञ्चारको पहुँच विस्तार गरिरहेको छ । सुदूरपश्चिम, कर्णाली र मधेस प्रदेशका विकट क्षेत्रमा टेलिकमको टेनवर्क विस्तार तथा फोरजी सेवाको पहुँच अभिवृद्धि भएको हो । दुर्गम क्षेत्रमा दूरसञ्चारको पहुँच विस्तारमा अघि बढेको टेलिकमले एकपछि अर्को विकट क्षेत्रमा दूरसञ्चार पहुँच विस्तार गर्दै लगिरहेको छ ।

हालै बाजुराको बुढीनन्द गाउँपालिकामा उच्च गतिको फोरजी इन्टरनेट सेवा सुरु भएको छ । नेपाल टेलिकमले गाउँपालिकाको वडा नं ७ मा नयाँ फोरजी एलटीइ टावर जडान गरी सेवा सञ्चालनमा ल्याएको हो । स्थानीय नरेन्द्र महतका अनुसार टेलिकमको टावरबाट बुढीनन्दका वडा नं ७, ८, ९ र १० का बासिन्दा प्रत्यक्ष लाभान्वित हुनेछन् ।

यता डोल्पाको ठूलीभेरी नगरपालिका र से-फोक्सुन्डो गाउँपालिकाका विभिन्न बस्ती सञ्चारको पहुँचमा जोडिएका छन् । दूरसञ्चार कार्यालय डोल्पाका प्राविधिक नवराज भट्टराईले वडा नं १० को मिदग्ती लेकमा निर्माण गरिएको नेपाल टेलिकमको इन्टरनेटसहितको फोरजी टावर बिहीबारदेखि सञ्चालनमा आएको जानकारी दिए । योसँगै वर्षौंदेखि सञ्चार सुविधाबाट वञ्चित फोक्सुन्डो ट्रेल, यार्सा पाटनसहित आधा दर्जन बस्ती सञ्चारको पहुँचमा जोडिएका उनले उल्लेख गरे ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलको चासो र सक्रियतामा टेलिकमको नेटवर्क विस्तार, कुनाकन्दरामा इन्टरनेटको पहुँच अभिवृद्धि भएको हो । यसअघि गत असोज ३१ गते पर्यटकीय गन्तव्य मनाङको तिलिचो बेसक्याम्पमा पहिलोपटक फोरजी सेवा विस्तार भएको थियो । त्यतिमात्र होइन, मन्त्री खरेलको सक्रियतामा गत असोज ३० गतेदेखिनै बझाङको तलकोटमा पनि पहिलोपटक फोरजी सेवा विस्तार भएको थियो । गत असोज ३१ गते नै दार्चुलाको मार्मा गाउँपालिकामा टेलिकमको टुजी र फोरजी सेवा सुरु भएको छ । जाजरकोटमा दुई सातादेखि अवरुद्ध दूरसञ्चार सेवा सञ्चारमन्त्रीको ताकेतापछि सञ्चालन भएको थियो ।

सञ्चारमन्त्री खरेलले टेलिफोन र इन्टरनेट नपुगेका मुलुकका दुर्गम क्षेत्रहरूमा उक्त सेवाको पहुँच पुर्‍याउन लागिपरेको बताए । उनले सञ्चार पहुँच प्रत्येक नागरिकको अधिकार रहेको बताउँदै सबै जिल्लामा समान सेवा सुनिश्चित गर्न टेलिकमलाई निर्देशन दिए ।



सुदूरपश्चिम प्रदेशको विकट हिमाली जिल्ला बाजुराको बुढीनन्द गाउँपालिकामा फोरजी इन्टरनेट सेवा सुरु भएको छ । बुढीनन्दका विभिन्न वडामात्र नभई मार्तडी-कोल्टी मार्ग र आसपासका बस्तीमा पनि इन्टरनेट तथा मोबाइल सञ्जालमा सुधार आएको स्थानीयहरूले बताएका छन् । यसअघि यस क्षेत्रमा भ्वाइस र डेटा सेवा घाम लागेको बेलामात्र चल्ने गरेको गुनासो स्थानीयले गर्दै आएका थिए । नयाँ टावर सञ्चालनमा आएपछि अब आपतकालीन सम्पर्क, अनलाइन कारोबार र पारिवारिक सन्देश आदानप्रदान सहज भएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार हाल मोबाइल ब्रोडब्याण्डअन्तर्गत नेपाल दूरसञ्चार कम्पनीको बजार हिस्सा ५५ दशमलव ९६ प्रतिशत र एनसेलको ४४ दशमलव ०४ प्रतिशत पुगेको छ । गत भदौसम्म नेपाल टेलिकममा मोबाइल प्रयोगकर्ता एक करोड ४३ लाख ५४ हजार ८०४ र एनसेलका एक करोड ३९ लाख ८१ हजार ८७५ पुगेका छन् ।

प्राधिकरणका अनुसार हाल फिक्स्ड ब्रोडब्याण्ड (वायर्ड) ४८ दशमलव ८२ प्रतिशत जनसङ्ख्यामा पुगेको छ । साथै मोबाइल ब्रोडब्याण्ड ९१ दशमलव ५५ प्रतिशत जनसफ्यामा पहुँच विस्तार भएको छ । मुलुकभर हालसम्म फोरजी सेवा ८८ दशमलव ६८ प्रतिशत, फाइभर सेवा ४८ दशमलव ८१ प्रतिशत, टुजी सेवा १० दशमलव ३६ प्रतिशत र थ्रीजी सेवा दुई दशमलव ८६ प्रतिशतमा पुगेको छ ।

नेपाल टेलिकमले हाल सुदूरपश्चिम प्रदेशका बझाङ, बाजुरा, दार्चुला, डोटी, अछाम र बैतडीका दुर्गम स्थानमा नयाँ टावर जडान र पुराना टावर अपग्रेड गर्ने कार्यलाई निरन्तरता दिएको जनाएको छ ।

यस्तै डोल्पाको दुईवटा स्थानीय तहका रह, परिला, काग्नी, साँङ्टा, छेप्कालगायतका बस्तीमा फोन लाग्नुका साथै इन्टरनेटको पहुँच पनि पुगेको छ । टावर बनेसँगै सुलिगाडस्थित से-फोक्सुन्डो राष्ट्रिय निकुञ्जको कार्यालय, सैनिक ब्यारेक क्षेत्रमा पनि राम्रो काम गरेको बताइएको छ । निजी क्षेत्रको सेवा प्रदायक कम्पनी एनसेलले पनि गुणस्तर सुधार र सेवा विस्तारमा आक्रामक रूपले अघि बढेको छ । विशेषगरी मधेस र कोशी प्रदेशलाई प्राथमिकतामा राखी आगामी पुसभित्र दुई सयवटा टावर विस्तार गर्ने लक्ष्यअनुरूप हालसम्म ४५ वटा टावर जडान गरिसकेको कम्पनीले जनाएको छ । हाल एनसेलको फोरजी सेवा विभिन्न दुर्गम क्षेत्रसहित ९५ प्रतिशत जनसंख्यामा पहुँच विस्तार भइसकेको छभने ९२ प्रतिशतभन्दा बढीमा टुजी सेवा छ ।

यसैबीच दाङको केही स्थानमा टेलिफोन र इन्टरनेट सेवा नभएको विषयबारे गुनासो आएपछि सञ्चारमन्त्रीले तत्कालै टेलिकमका कर्मचारीलाई निर्देशन दिएलगत्तै टेलिकमको डिभिजन कार्यालयका प्रमुख वरिष्ठ इञ्जिनियर प्रवीण चौधरी नेतृत्वको प्राविधिक टोली फिल्डमा खटिएर मर्मत गरेको थियो । *रासस*

# नेपालगञ्जलाई अर्ग्यानिक स्वाद

**राँझा–** नेपालगञ्ज सहरको व्यस्तता र आयातित तरकारीको भीडमा बाँके र बर्दियाका ग्रामीण भेगका थारू महिलाले उत्पादन गरेको अर्ग्यानिक तरकारी फरक पहिचान र स्वाद बोकेर आएको छ ।

थारू महिलाको मिहिनेतले उत्पादन भएको यो ताजा उपजले अहिले नेपालगञ्जवासीलाई मात्रै लोभ्याएको छैन, महिला सशक्तीकरण र आत्मनिर्भरताको सुन्दर उदाहरण पनि प्रस्तुत गरेको छ । प्रत्येक दिन बिहानीपख नेपालगञ्जको धम्बोझी चोक क्षेत्रमा थारू महिलाहरूको एउटा मिनीबजार नै लाग्ने गर्छ ।

विषादीरहित र ताजा तरकारीको खोजीमा रहेका उपभोक्ताको यहाँ लर्को लाग्ने गर्दछ । नेपालगञ्ज उपमहानगरपालिका-२ निवासी सुनीलसिंह हमाल विगत तीन वर्षदेखि आफ्नो भान्सामा यही गाउँको अर्ग्यानिक तरकारी पाक्ने गरेको अनुभव सुनाउँछन् । उनका अनुसार यो कार्य आर्थिक कारोबारमात्र नभइ थारू महिलाको सेवाभाव पनि हो ।

मौसमअनुसार महिलाहरूले बिक्री गर्ने तरकारीमा बोडी, फर्सी, लौका, घिरौला, तीतेकरेलो, तोरी र भाजीको साग, काँक्रालगायत उपज प्रमुख छन् । यसबाहेक उनीहरूले अरहर र मसुराको दाल पनि बिक्री गर्ने गरेका छन् ।

ग्रामीण क्षेत्रका थारू महिलाका लागि यो कृषि पेसा केवल जीविकोपार्जनको साधनमात्र नभई स्वावलम्बनको आधार बनेको छ । बाँकेको बैजनाथ गाउँपालिका नौबस्तामा घरवरिपरि तरकारीखेती गरिरहेकी वसन्ती थारू परिवारको जीविकोपार्जन तरकारी बिक्रीबाटै चलेको छ । तरकारीको माग बढेपछि बाँके र बर्दियाका ग्रामीण भेगका थारू महिलाले आफैँले उत्पादन गरेर बजारमा पुर्‍याउन थालेका छन् ।

बर्दिया बढैयाताल गाउँपालिका-३ की महिला वडासदस्य दुसानी थारू त जनप्रतिनिधि भएर पनि दैनिक बर्दियाबाट नेपालगञ्ज अर्ग्यानिक तरकारी ल्याएर बिक्री गर्छिन । उनी विगत १० वर्षदेखि कृषि पेसामा संलग्न छन् । उनको भनाइमा पहिले साइकलमा राखेर चोकचोकमा पुर्‍याउनुपर्ने तरकारी अहिले धम्बोझीमा सहजै बिक्री हुन्छ । विभिन्न किसिमका तरकारी बिक्री गरेर मासिक रु १५ देखि २० हजारसम्म आम्दानी गर्न उनी सफल भएकी छिन् ।

बर्दिया राजापुरकी श्यामकली थारू तरकारी बेचेर घरखर्च जुटाउन सहज भएको बताउँछिन् । गाउँबाट ल्याएको तरकारी तत्काल बिक्री भई राम्रो आम्दानी हुन थालेपछि यो पेसातर्फ अधिकांश थारू महिला आकर्षित भइरहेका छन् ।

नेपालगञ्जको धम्बोझी क्षेत्रमा तरकारी बिक्री गर्ने थारू महिलाले भारतीय बजार रूपैडिहाको तरकारी बिक्रेताले पनि सँगै राखेर बिक्री गर्दा आफूहरूलाई समस्या भएको गुनासो गरेका छन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ